का.जि.प्र.का.द.नं. १००/०५९/६०

२ माघ २०७९,
सोमबार
16 January 2023,
Monday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक ३३१ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

## उत्सव नसकिँदै वियोग





## सामाजिक सञ्जाल प्रयोगमा सचेतता अपनाऔं

- सामाजिक सञ्जालमा अपरिचित व्यक्तिको साथी बन्ने अनुरोधलाई विश्वस्त भएर मात्र प्रतिक्रिया जनाऔं ।
- अपरिचित व्यक्तिलाई जथाभावी साथी बन्न अनुरोध नपठाऔं ।
- सामाजिक सञ्जाल तथा अन्य विद्युतीय माध्यमबाट चिट्ठा पुरस्कार जस्ता आर्थिक प्रलोभनका प्रस्तावको भ्रममा नपरौं ।
- आफुले प्रवाह गरेका सन्देश वा सूचनाबाट समाजमा पर्नसक्ने नकारात्मक प्रभावको ख्याल गरौं ।
- आफ्नो सन्देशले कुनै व्यक्ति वा अन्य कुनै समुदायको आत्मसम्मानमा चोट नपुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# मुलुक स्तब्ध बनाउने दुर्घटना

## सेती खोंचमा खस्यो ७२ जना बोकेको विमान





**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, १ माघ ।

नेपाल नागरिक उड्ययन प्राधिकरणका अनुसार नेपालमा आइतबार हालसम्मकै ठूलो हवाइ दुर्घटना भएको छ । सन् १९६० यता मात्र नेपाली आकाशमा झण्डै ६० वटा विमान दुर्घटनामा परिसकेका छन् । त्यसमध्ये आइतबारको दुर्घटनामा ७२ जनाको निधन हुन पुगेको छ ।

आइतबार बिहान साढे १० बजे काठमाडौंदेखि पोखराका लागि ६८ यात्रु बोकेर उडेको यती एयरलाइन्सको ९ एन एएनसी विमान गन्तव्यमा नपुग्दै दुर्घटनामा परेको हो । विमानमा ४ जना चालक दलका सदस्य र ६८ जना यात्रु सवार थिए । नेपाल नागरिक उड्ययन प्राधिकरणका अनुसार यो नै आन्तरिक उडानतर्फ हालसम्मकै ठूलो दुर्घटना हो । यसअघि १४ मार्च २०१८ मा बंगलादेशबाट नेपाल आएको युएस-बंगला एयरलाइन्सको विमान त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा दुर्घटनाग्रस्त हुँदा ५१ जनाको मृत्यु भएको थियो ।

प्राधिकरणका अनुसार सन् १९६० यता मात्र नेपाली आकाशमा झण्डै ६० वटा विमान दुर्घटनामा परिसकेका छन् । जसमध्ये ३५ वटा विमान सन् २००६ यतामात्र दुर्घटनामा परेका छन् । जसमा ६१८ जना – बाँकी पृष्ठ २ मा

### जाँचबुझ आयोग गठन

## छानबिन समितिमै सीमित सरकार !

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १ माघ ।

सरकारले पोखरामा भएको दुर्घटना पत्ता लगाउन पनि पाँच सदस्यीय जाँच आयोग गठन गरेको छ । दुर्घटनाको कारण पहिचान गर्न र आगामी दिनमा त्यस्ता दुर्घटना दोहोरिन नदिनका लागि अपनाउनुपर्ने सुझावसहितको प्रतिवेदन दिन भनिएको छ ।

तर, आयोग गठन गरेपनि त्यसको कार्यान्वयन नहुँदा दुर्घटना बढेको वरिष्ठ पाईलट रमण घिमिरे बताउँछन् । 'कतिपय दुर्घटना नहुनुपर्ने परिस्थितिमा पनि भइरहेका छन्, कतिपय रिपोर्ट बाहिर सार्वजनिक नभई सरोकारवालासमक्ष पनि पुग्दैनन् । कम्पनीका कमजोरी सार्वजनिक हुन पाउँदैनन् । त्यसकारण एउटै प्रकृतिको दुर्घटना पटक-पटक हुन्छन्' उनले भने । हवाई – बाँकी पृष्ठ २ मा


## चुनाव केन्द्रित व्यवसायिक भेला

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको यहि २०७९ माघ ६ गते हुन गइरहेको निर्वाचन सहितको २९औं साधारण सभाको सफलता, वै.रो. व्यवसायीका तमाम समस्या र आगामी नेतृव्यको जिम्मेवारीका सन्दर्भमा गहन छलफल गर्नका लागि धुमबराही, चक्रपथ, बसुधरा, शामाखुसी, टोखा, गोंगबु, नयाँ बसपार्क, बालाजु, सितापाईला देखि कलंकी क्षेत्रमा कार्यलाय स्थापना गरि वैदेशिक रोजगार व्यवसाय संचालन गरिरहनु भएका सम्पूर्ण वैदेशिक रोजगार व्यवसायीज्यूहरु निम्न मिति, समय र स्थानमा उपस्थित भई कार्यक्रममा आ-आफ्नो गहन भुमिका निर्वाह गरिदिनु हुन हार्दिक अनुरोध गरिन्छ ।

मिति : २०७९/१०/३
समय : अपरान्ह ३ बजे
स्थान : स्काई पार्टी प्यालेस सामाखुसी चोक, काठमाडौं

हरि बहादुर पाण्डे क्षेत्री
(अध्यक्ष)
नेपाल वैदेशिक रोजगार व्यवसायिक एकता समिति
सामाखुसी, काठमाडौं


## आज शोक बिदा

सरकारले आज शोक बिदा दिएको छ । आइतबबार बसेको मन्त्रिपरिषदको बैठकले पोखरामा भएको यती एयरलाइन्सको जहाज दुर्घटनामा शोक बिदा दिने निर्णय गरेको हो ।

'मन्त्रिपरिषद बैठकले घटनाप्रति गहिरो दुःख व्यक्त गरेको छ । माघ २ गते शोकपूर्ण घटनाका सन्दर्भमा शोक मनाउने र एक दिन सार्वजनिक बिदा दिने निर्णय गरेको छ,' सरकारका प्रवक्ता अर्थमन्त्री विष्णु पौडेलले जानकारी दिए । यस्तै बैठकले घटनाबारे परिवारजनलगायतलाई जानकारी दिन त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा कल सेन्टर स्थापना गर्ने निर्णय भएको छ ।

## सबै विमानको प्राविधिक परीक्षण गर्न निर्देशन

सरकारले आन्तरिक उडानका सबै विमानहरुको प्राविधिक परीक्षण गर्न निर्देशन दिएको छ । आइतबार बसेको मन्त्रिपरिषदको बैठकले आगामी दिनमा आन्तरिक उडानमा दुर्घटना हुन नदिन अनिवार्य प्राविधिक परीक्षण गर्न सबै वायु सेवा कम्पनीहरुलाई निर्देशन दिएको हो । यसको अनुगमन नागरिक उड्डयन प्राधिकरणले गर्नेछ ।

मन्त्रिपरिषदको बैठकपछि उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेलले भने, 'यो व्यवस्थाले हवाइ दुर्घटना हुन नदिन भूमिका खेल्ने हाम्रो विश्वास छ ।' ७२ जना सवार यती एयरलाइन्सको विमान पोखरामा दुर्घटना भएपछि बसेको मन्त्रिपरिषद्को आकस्मिक बैठकले पूर्व सचिव नागेन्द्र घिमिरेको नेतृत्वमा जाँच आयोग पनि बनाएको छ ।

जाँचबुझ आयोगलाई ४५ दिनभित्र दुर्घटनाको कारण दिन भनिएको छ ।


## हार्दिक निमन्त्रणा

आदरणीय वैदेशिक रोजगार व्यवसायीज्यूहरु,
नेपाल वैदेशिक रोजगार व्यवसायी संघको मिति २०७९ माघ ०६ गते सम्पन हुन गइरहेको निर्वाचनका लागि नेपाली कांग्रेसको शुभेच्छुक संस्था नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनको तर्फबाट सिनामंगल, म्यानपावर बजार, गैरीगाउँ, तिनकुने, नयाँबानेश्वर, क्षेत्रका व्यवसायीहरुसँग चुनाव केन्द्रित छलफल र भेटघाटको आयोजना गरिएकोले निम्न मिति, स्थान र समयमा आयोजना हुन गइरहेको सहर्ष जानकारी गराउँदै उक्त सभालाई सफलतापूर्वक सम्पन्न गराउन यहाँहरुको सक्रिय सहभागिताका लागि हार्दिक निमन्त्रणा गर्दछौं ।

स्थान : ईलाभेन रेष्ट्रो सिनामंगल ।
मिति : २०७९/१०/०२ गते सोमबार
समय : दिउँसो ३ बजे

| सम्पर्क व्यक्तिहरु | | |
|---|---|---|
| १. | मेघनाथ भुर्तेल | ९८५१०७०२८२ |
| २. | चन्द्र लिम्बू | ९८५१२७६०३० |
| ३. | तुलसी पुरी | ९८४१७८८४४८ |
| ४. | तोरण कुमार कार्की | ९८४१८७६०८७ |
| ५. | कैलाश पाठक | ९८५१०९६२०० |
| ६. | अख्तर हुसैन | ९८५१११७८५७ |

तारानाथ अर्याल
संयोजक
चुनाव प्रचार प्रसार समिति

नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसन
नयाँबानेश्वर, काठमाडौं, फोन न. ०१–४५६६४२८, ईमेल: ndfeefforum@gmail.com


वैदेशिक रोजगार विशेष

## कुमुदको प्यानल नै आधिकारिक हो : कांग्रेस नेता लेखक

**मध्यान्ह संवाददाता**
काठमाडौं, १ माघ

नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवम् संसदीय दलका प्रमुख सचेतक रमेश लेखकले नेपाल वैदेशिक रोजगार व्यवसायी संघको निर्वाचनमा कुमुद खनालको प्यानललाई मतदान गर्न आग्रह गरेका छन् । संघको निर्वाचनका लागि नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनले




आइतबार आयोजना गरेको चुनावी सभालाई सम्बोधन गर्दै नेता लेखकले उक्त आग्रह गरेका हुन् ।

लेखक संघको निर्वाचनका लागि पार्टी प्रतिनिधि हुन् । नेता लेखकले आफूले उम्मेदवारको कुनैपनि आकांक्षीको पक्ष नलिएको र कसैलाई उम्मेदवार बन्न वा – बाँकी पृष्ठ २ मा

### व्यवसायीको शिर ठाडो हुने गरी काम गर्ने छु : जिसी

काठमाडौं/मस- नेकपा माओवादी केन्द्रका उपमहासचिव जनार्दन शर्माले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' मुलुकको अर्थतन्त्रमा वैदेशिक रोजगारबाट प्राप्त हुने रेमिट्यान्सको महत्वका विषयमा पूर्णरूपमा जानकार रहेको भन्दै वैदेशिक रोजगार व्यवसायीले सामना – बाँकी पृष्ठ २ मा

### भुवनसिंको प्यानल सार्वजनिक बुढाथोकी संयोजक

काठमाडौं/मस- नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनका अध्यक्ष कुमुद खनालको नेतृत्वमा संघमा प्रतिस्पर्धा गर्ने निर्णयमा असन्तुष्टि – बाँकी पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
२ माघ २०७९, सोमबार
16 January 2023, Monday

विमान दुर्घटना

# पत्रकार पौडेलको निधन, महासंघले १३ दिनसम्म शोक मनाउने



**मध्यान्ह संवाददाता**
काठमाडौं, १ माघ

पोखरामा आइतबार भएको विमान दुर्घटनामा परी नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य त्रिभुवन पौडेलको निधन भएको छ ।

आइतबार बिहान काठमाडौंबाट पोखराका लागि उडेको नाइन एन एएनसी एटीआर ७२ जहाज अवतरणका क्रममा पोखरामा दुर्घटना हुँदा केन्द्रीय सदस्य पौडेलको निधन भएको हो ।

३७ वर्षीय पौडेलको अल्पायुमै निधनले महासंघले विज्ञप्तिमार्फत स्तब्ध र शोकमग्न भएको जनाएको छ । पत्रकार पौडेल २०७७ फागुन ५ गते भएको नेपाल पत्रकार महासंघको २६औं महाधिवेशनबाट निर्वाचित भई केन्द्रीय सदस्य थिए ।

२०७४ सालमा महासंघको गण्डकी प्रदेश समितिको संस्थापक अध्यक्षका रूपमा रहेर काम गरेका पत्रकार पौडेलले त्यसअघि महासंघ कास्की शाखामा एकपटक उपाध्यक्ष र दुईपटक सचिवका रूपमा रही योगदान दिएका थिए ।

पोखरा हटलाइन दैनिकबाट पत्रकारिता सुरु गरेका पौडेलले अन्नपूर्ण एफएम र केही समय नेपाल टेलिभिजनमा स्ट्रीन्जरका रूपमा काम गरेका थिए । विभिन्न पत्रपत्रिकामा स्तम्भ र लेख लेख्दै आएका पत्रकार पौडेल पछिल्लो समय पोखरा हटलाइन दैनिक पत्रिकाकै प्रकाशकरसम्पादकका रूपमा कार्यरत थिए । पौडेलका आमा, श्रीमती र एक छोरा छन् ।

महासंघले महासंघले शोक विज्ञप्ति मार्फत भनेको छ, 'उहाँको निधनले नेपाली पत्रकारिता क्षेत्रले एक अनुभवी, जुझारु र उर्जाशील युवा पत्रकार गुमाएको छ भने महासंघले उदयीमान पत्रकार नेता गुमाएको छ । कास्की जिल्लाबाट पत्रकारिता क्षेत्रमा राम्रो पहिचान बनाएका पौडेलको निधनले नेपाली पत्रकारिता क्षेत्रमा अपूरणीय क्षति पुगेको छ ।'

नेपाल पत्रकार महासंघको उपलब्ध केन्द्रीय समितिको आकस्मिक बैठक अध्यक्ष विपुल पोखेलको अध्यक्षतामा बसी केन्द्र, प्रदेश र सबै शाखामा शोक मनाउने निर्णय गरेको छ । जसअन्तर्गत सोमबार महासंघका केन्द्र, प्रदेश र सबै शाखा कार्यालय बन्द गर्ने तथा १३ दिनसम्म शोकसभा बाहेकका कुनै पनि औपचारिक कार्यक्रम नगर्ने एवं १३ दिनसम्म केन्द्रीय कार्यालयलगायत प्रदेश र शाखा कार्यालयमा शोक पुस्तिका राख्ने निर्णय गरेको छ ।

## नाबालक छोरासहित अस्ताए डा.श्रेष्ठ दम्पती



**मध्यान्ह संवाददाता**
काठमाडौं, १ माघ

आइतबार बिहान पोखरामा भएको यती एयरलाइन्सको विमान दुर्घटनामा नाबालक छोरासहित डा.सुशील श्रेष्ठ दम्पतीको निधन भएको छ ।

दुर्घटनामा परेका डा.श्रेष्ठ र उनकी श्रीमती डा.सोना दिवाकरको शव सनाखत भएको छ । उनीहरुसँगै दश महिने छोराको पनि निधन भएको छ । परिवारका तर्फबाट उनका भिनाजु दिपेन्द्रमान श्रेष्ठले सनाखत गरेका छन् ।

न्याम्सबाट अर्थोपेडिक सर्जरीमा एमडी गरेका डा.श्रेष्ठले गण्डकी मेडिकल कलेज र म्याग्दीको दरबाङ स्वास्थ्य चौकीमा मेडिकल अधिकृतका रुपमा काम गरेका थिए ।

पोखरा स्थायी घर भएका डा.श्रेष्ठले काठमाडौं मेडिकल कलेजबाट एमबीबीएस गरेका हुन् । उनी पोखराको गण्डकी बोर्डिङ स्कुल पढेका हुन् । उनकी श्रीमती डा.सोना एमडीको तयारीमा थिइन् । राष्ट्रिय ट्रमा सेन्टरमा कार्यरत अर्थोपेडिक सर्जन डा.श्रेष्ठ र उनकी श्रीमती डा.सोना नाबालक छोरासहित काठमाडौंबाट छुट्टी मनाउन पोखरा घर जाने क्रममा विमान दुर्घटनामा परेका हुन् ।

### डा.थापाको पनि निधन

पोखरामा भएको विमान दुर्घटनामा अर्का एक चिकित्सकले पनि निधन भएको छ ।

गोरखा वेयलफेयर स्किम पोखरामा कार्यरत डा.गणेश थापाको पनि यती एयरलाइन्सको विमान दुर्घटनामा निधन भएको हो ।

ललितपुरको पाटन अस्पतालमा कार्यरत श्रीमतीलाई भेटेर आफ्नो कार्यक्षेत्र पोखरा फर्किने क्रममा डा थापाको यती एयरलाइन्सको विमान दुर्घटनामा मृत्यु भएको उनका काका अजय सिंह थापाले जानकारी दिए ।

डा थापाले चीनको जिनिङ मेडिकल युनिभर्सिटीबाट एमबीबीएस अध्ययन पूरा गरेका थिए । उनले अस्ट्रेलियाबाट एमपिएच अध्ययन पूरा गरेका थिए । पोखरामा काम गर्नुअघि उनले मनमोहन कार्डियोथोरासिक भास्कुलर तथा ट्रान्सप्लान्ट केन्द्र र वीरेन्द्र सैनिक अस्पतालमा समेत काम गरेका थिए ।



*मध्यान्ह राष्ट्रिय दैनिकको प्रमुख कार्यकारी अधिकृत तथा कार्यकारी सम्पादकमा नियुक्त दीपेन्द्रबिक्रम तामाङलाई कार्यालयमा स्वागत गर्दै प्रकाशक सितादेवी श्रेष्ठ । स्वागतपछि तामाङले मध्यान्ह दैनिकलाई थप उचाइमा लैजाने प्रतिबद्धता जनाएका छन् । तस्वीरः* ***मध्यान्ह***

### मुलुक...

यात्रुले ज्यान गुमाएका छन् । मे २०२२ मा पोखराबाट जोमसोम उडेको तारा एयरको विमान दुर्घटनामा २२ जनाको मृत्यु भएको थियो । अप्रिल २०१९ मा सोलुखुम्बु जिल्लाको लुक्ला विमानस्थलमा समिट एयरको विमान दुर्घटना हुँदा ३ जनाको मृत्यु भएको थियो ।

फब्रुअरी २०१९ मा ताप्लेजुङको पाथीभरा नजिक एयर डाइनेस्टीको हेलिकप्टर दुर्घटना हुँदा तत्कालीन संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री रवीन्द्र अधिकारीसहित ७ जनाको मृत्यु भएको थियो । सेप्टेम्बर २०१८ मा गोरखाबाट काठमाडौं आउँदै गरेको अल्टिट्यूड एयरको हेलिकप्टर धादिङ र नुवाकोटको सीमामा दुर्घटना, एक जापानीसहित ६ जनाको मृत्यु भएको थियो ।

मार्च २०१८ मा बंगलादेशबाट नेपाल आएको युएस-बंगला एयरलाइन्सको विमान त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा दुर्घटनाग्रस्त, ५१ जनाको मृत्यु भएको थियो भने, फेब्रुअरी २०१६ मा पोखराबाट जोमसोम उडेको तारा एयरको विमान दुर्घटनाग्रस्त हुँदा २३ जनाको मृत्यु भएको थियो ।

मे २०१५ मा भूकम्पपछिको राहत तथा उद्धार कार्यमा खटिएको अमेरिकी सेनाको हेलिकप्टर चरिकोटनजिकै दुर्घटनाग्रस्त, ६ अमेरिकी सैनिक, दुई नेपाली सेनाका अधिकारी र ५ जना सर्वसाधारण गरी १३ जनाको मृत्यु भएको थियो । जून २०१५ मा सिन्धुपाल्चोकमा भूकम्पको राहत तथा उद्धारमा गएको डक्टर्स विदाउट बोर्डर्सले चार्टर गरेको हेलिकप्टर दुर्घटनामा ४ जनाको मृत्यु भएको थियो ।

फेब्रुअरी २०१४ मा पोखराबाट जुम्ला उडेको नेपाल वायुसेवा निगमको विमान अर्घाखाँचीमा दुर्घटनामा १८ जनाको मृत्यु भएको थियो । सेप्टेम्बर २०१२ मा काठमाडौंबाट लुक्ला उडेको सीता एयरको विमान त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलनजिकै दुर्घटना हुँदा १९ जनाको मृत्यु भएको थियो ।

मे २०१२ मा भारतीय तीर्थयात्री बोकेर पोखराबाट जोमसोम उडेको अग्नि एयरको विमान जोमसोम विमानस्थलनजिकै दुर्घटना हुँदा १९ जना, सेप्टेम्बर २०११ मा हिमालको दृश्यावलोकनक अर्थात् माउन्टेन फ्लाइटका लागि उडेको बुद्ध एयरको एउटा विमान काठमाडौं नजिकै कोत डाँडामा दुर्घटनाग्रस्त हुँदा नेपाली, भारतीय, र अन्य देशका नागरिकसहित १४ जनाको मृत्यु भएको थियो ।

डिसेम्बर २०१० मा लामीडाँडाबाट काठमाडौं उडेको विमान ओखलढुंगामा दुर्घटना हुँदा २२ जनाको मृत्यु भएको थियो । अगस्ट २०१० मा काठमाडौंबाट लुक्लातर्फ उडेको विमान दुर्घटना, १४ जनाको मृत्यु भएको थियो । अक्टोबर २००८ मा लुक्ला विमानस्थलमा अवतरण गर्दै गरेको विमान दुर्घटना, १८ जनाको मृत्यु भएको थियो ।

सेप्टेम्बर २००६ मा संखुवासभाको घुन्सामा श्री एयरको हेलिकप्टर दुर्घटना हुँदा २४ जनाको मृत्यु भएको थियो ।

### जाँचबुझ...

दुर्घटनापछि हुने फितलो छानबिन र त्यसको कार्यान्वयनमा सरोकारवाला उदासीन बन्दा उस्तै प्रकृतिका दुर्घटना दोहोरिएको भन्दै सबै जिम्मेवार हुनुपर्ने उनको भनाई छ ।

दुर्घटनाको कारणको खोजी गरी त्यसलाई कार्यान्वयन गर्नुको सट्टा सरोकारवाला समस्या लुकाउनमै केन्द्रित भएर दुर्घटना निम्तने गरेको उड्डयन विज्ञ त्रिरत्न मानन्धरले बताए । उनले आईकाओको मापदण्डमा रहेर मात्रै हवाईं सेवा सञ्चालन गर्न सुझाव पनि दिएका छन् । विश्वमा सर्वाधिक विमान दुर्घटना हुने देशमा नेपाल पनि पर्दछ ।

उच्च डाँडाकाँडा, मौसमी कारण र खराब विमानका कारण विमान दुर्घटना बढेको देखिन्छ । तरपनि सरकारी संयन्त्र र सरोकारवालाले विमान किन्दा घोटाला गर्ने, दुर्घटनापछि प्रतिवेदन सार्वजनिक नगर्ने र पुराना विमानको निगरानी नगर्दा वर्षेनी एकपछि अर्को दुर्घटना बढेको देखिन्छ ।

नेपाल सरकारले हवाईं क्षेत्रको दुर्घटना न्यूनीकरणका लागि कडा मापदण्ड तय नगर्दा वर्षेनी जस्तो दुर्घटना बढ्न थालेको हो । तारा एयरको ९ एन एईटी जहाज मुस्ताङ्गमा दुर्घटना भएर २२ जनाको मृत्यु ९ महिना नपुग्दै पोखरामा अर्को विमान दुर्घटना भएको छ ।

नेपालमा पहिलो अन्तर्राष्ट्रिय हवाई दुर्घटना बाराको सिमरामा भएको थियो । सन् १९५५ मा कालिगा एयरको विमान दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको थियो भने सन् १९५६ र १९५८ भारतीय एयरलाइन्सका दुई विमान दुर्घटना हुँदा ३४ जना यात्रुको ज्यान गएको थियो । नेपाल नागरिक उड्डयन प्राधिकरणका अनुसार पनि नेपालमा हालसम्म आन्तरिकतर्फ ३ सय ६४, सिंगल इन्जिन भएका विमान दुर्घटनामा २५, हेलिकप्टरतर्फ ८५ र विदेशी वायुसेवातर्फ ३ सय ७५ गरी ८ सय ४९ जनाको मृत्यु भइसकेको छ । आईतबार पोखरामा भएको यति एयरको एटीआर विमान यति समूहको १४ औं हवाई दुर्घटना हो । तर, सरकार भने हरेक दुर्घटनामा आयोग गठन गर्ने प्रतिवेदन सावर्जनिक नगर्ने अनि हवाई निगरानी समेत नगरी बसिरहेको छ ।

### कुमुदको...

छोड्न दबाब नदिएको भन्दै एशोसिएसन कार्यसमितिको बैठकबाट सर्वसम्मतिले उम्मेदवार घोषणा गर्ने उच्चतम प्रयास गरिएको बताए । नेता लेखकले भने, 'पटकपटकको छलफलपछि सहमति नभएपछि पद्धति समात्नु अनिवार्य हुँदा प्रक्रियाअनुसार खनाल अध्यक्षको उम्मेदवार बनेको अवस्था हो । लोकतान्त्रिक पद्धति सबैले मान्नुपर्छ, पद्धति र प्रक्रिया मिच्न पाइँदैन, जो साथी प्रक्रिया बाहिर जान खोज्नु भएको छ फर्किनुस्, समेटेर आए नयाँ नयाँ जिम्मेवारी पाउनुहुने छ ।'

नेता लेखकले आग्रहका बाबजुद विद्रोह गरेर निस्केकाहरू नफर्किए पनि एशोसिएसनका उम्मेदवारहरूले संघमा निर्वाचित हुन योजना र तयारी साथ अघि बढे जित सुनिश्चित हुने बताए । देशमा रोजगार नभएको अवस्थामा वैदेशिक रोजगार अनिवार्य बाध्यता भन्दै नेता लेखकले नेपाली कांग्रेसको सरकारले वैदेशिक रोजगारलाई सुधारका लागि धेरै काम गरेकाले कुमुद खनालको घोषाणापत्रमा उल्लेखित योजना सरकारमा रहँदा कार्यान्वयन गर्ने र प्रतिपक्षमा रहँदा कार्यान्वयनमा लैजान दबाब दिने बताए ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका संयोजक तथा एशोसिएसनका पूवअध्यक्ष विमल ढकालले आफ्नो नेतृत्वमा संघले वैदेशिक रोजगारमा रहेका धेरै समस्याको समाधानका लागि गृहकार्य अन्तिम अवस्थामा पुऱ्याएको उल्लेख गर्दै संघको आगामी कार्यसमितिलाई काम गर्न सहज हुने बताए । विमानस्थलमा रहेको श्रम डेस्क हटाएको, वैदेशिक रोजगार ऐनमा रहेको वार्षिक सय जना कामदार पठाउनुपर्ने व्यवस्था खारेजीको लागि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमार्फत कानून मन्त्रालय पुऱ्याएको, सेवा शुल्क परिमार्जन गर्न उच्चस्तरीय कार्यदलले सकारात्मकरूपमा काम गरेको, कल्याणकारी कोषको नियमावली श्रम मन्त्रालयबाट पूर्णता दिएर रायका लागि अर्थमन्त्रालय गएकाले छिटोभन्दा छिटो स्कीकृत भएर आउने अवस्थामा रहेको जस्ता काममा प्रगति गरिएकाले व्यवसायी उत्साहित हुने वातावरण बनेको बताए ।

ढकालले उल्लेखित विषयलाई टुंगोमा पुऱ्याउन विदेशमा उच्च शिक्षा आर्जन गरेर व्यवसाय शुरू गरेका कारणले खनाल सक्षम हुने, सबै पक्षमा व्यवसायीको उचित प्रतिनिधित्व गर्न सक्ने हैसियतमा रहेकाले उनलाई जिताउनु व्यवसायीहरूलाई आग्रह गरे ।

अध्यक्षका प्रत्यासी खनालले पनि छलफल सहमतिका आधारमा लोकतन्त्रमा आस्था राख्ने व्यवसायी एउटा प्यानल बनाएर प्रतिस्पर्धा गर्ने विषयमा खुला रहेको बताए । आफू विगत २३ वर्षदेखि व्यवसायमा रहेको र संघमा विगतमा विभिन्न जिम्मेवारीमा रहँदा औंला उठाउने एउटा पनि कमजोरी नगरेको भन्दै अध्यक्षका उम्मेदवार खनालले फेमिस समस्या समाधान, भलाइ कोषको कार्यान्वयन, सेवा शूल्कको तार्किक निष्कर्ष पुऱ्याउने, वैदेशिक रोजगारीमा जाने कामदारको लागत परिभाषित गराउने, विगतमा फ्रि भिसा फ्रि टिकट निर्णय लागू गर्दा श्रम मन्त्रालयले गरेको ३१ बुँदे सहमतिमा पुनरावलोकन गर्नेसहित संघको भवन निर्माण र व्यवसायीका दैनिक समस्य कुनै विलम्ब नगरी समाधान गर्ने बताए ।

संघका निवर्तमान कार्यवाहक अध्यक्ष कमल तामाङले लोकतान्त्रिक प्यानलका उम्मेदवार संघमा निरन्तर काम गरी समस्या र समाधान बुझ्ने अनुभवी टिम रहेकाले व्यवसायीले मतदान गर्नुपर्ने बताए ।

प्रथम उपाध्यक्षाका उम्मेदवार किशोर केसीले व्यवसायीका व्यवहारिक समस्य समाधानका पक्षमा आफ्नो उम्मेदवारी रहेको बताए । द्वितीय उपाध्यक्षका उम्मेदवार अख्तर हुसेनले व्यवसायीका विरूद्धमा सरकार रहेको भन्दै अलमल चिरेर व्यवसायीहरूको आत्मस्वाभिमान बृद्धि गर्न डिजिटल प्रतिकारमा उत्रने बताए ।

तृतीय उपाध्यक्षका उमेदवार सञ्जय पनेरुले व्यवसायीलाई आइपर्ने जुनसुकै समस्याको तत्काल समाधानका लागि काम गर्ने प्रतिवद्धता जनाए । महासचिवका उम्मेदवार मेघनाथ भुर्तेलले संघले गर्ने काम तत्कालै शुरूवात गर्ने भन्दै भवन निर्माणको कामलाई तत्कालै अघि बढाउने र संघले दबाब दिएर कार्यान्वयनमा लैजाने व्यवसायी कल्याणकारी कोषको कार्यान्वयन, वैदेशिक रोजगार ऐन र नियमावलीमा रहेका व्यवसायीका लागि परस्पर विरोधी प्रावधान परिवर्तनको लागि लविङ र दबाब सिर्जना गर्ने प्रतिवद्धता जनाए ।

सचिवका उम्मेदवार कर्णराज कटुवालले आफू संघको अघिल्लो कार्यसमितिमा निर्वाचित भएपछि वैदेशिक रोजगार विभागमा देखिने समस्या समाधानका लागि दैनिक तीन घण्टा खटिएको र सचिव पदमा निर्वाचित भए त्यसमा दुई घण्टा थप गरेर दैनिक ५ घण्टा व्यवसायीका समस्या समाधानका लागि पहल गर्ने प्रतिवद्धता जनाए । कोषाध्यक्षकी उमेदवार हिमा गुरूङले कोषको सदुपयोग गर्ने प्रतिवद्धता जनाइन् ।

कार्यसमिति सदस्यहरूले व्यवसायीहरूका व्यवहारिक समस्या समाधानका लागि खटिने एकै लयमा प्रतिवद्धता जनाए । एशोसिएसन महासचिव कमल काफ्लेको सभापतित्वमा भएको कार्यक्रम वरिष्ठ उपाध्यक्ष तारानाथ अर्यालले सञ्चालन गरेका थिए भने सचिव लक्ष्मण पौडेलले शुभकामना मन्तव्य राखेका थिए ।

एशोसिएसनका तर्फबाट अध्यक्ष खनाल फ्युजन इन्टरनेशनल प्रा.लि., प्रथम उपाध्यक्ष केसी एसआरके नेपाल ओभरसिज प्रा.लि., द्वितीय उपाध्यक्ष हुसेन ओभरसिज इम्प्लोइमेन्ट प्रा.लि., तृतीय उपाध्यक्ष पनेरू गुडलक इन्टरनेशनल प्रा.लि., महासचिव भुर्तेल नील कमल ह्युमन रिसोर्स प्रा.लि., सचिव कटुवाल डायनामिक स्टाफिङ सोलुसन प्रा.लि. र कोषाध्यक्ष गुरूङ वीनर सोलुसन प्रा.लि.का सञ्चालक हुन् ।

त्यसैगरी सदस्यका उम्मेदवार हरूमा विक्रम श्रेष्ठ, चन्द्रबहादुर लिम्बू, कैलाश पाठक, तोरण कुमार कार्की, नारायण भुसाल, राजकाजी भोलान, मो. इजरायल र फिरोज खान सदस्यका उम्मेदवार छन् । सदस्य उम्मेदवारहरूमा श्रेष्ठ शुभहारती म्यानपावर प्रा.लि., लिम्बू उज्यालो ओभरसिज प्रा.लि., पाठक सिल्भर कर्नर इन्टरनेशनल प्रा.लि., भुसाल युरो एशिया म्यानपावर प्रा.लि., कार्की फाईन जब रिक्रुटमेन्ट प्रा.लि., सञ्चालक भलोन राज ग्रुप अफ कम्पनी प्रा.लि., मो. इजरायल ओमामा म्यानपावर प्रा.लि. र फिरोज खान फ्युचर लिंक प्रा.लि.का सञ्चालक हुन् ।

### व्यवसायीको...

गरिरहेका समस्या समाधानका लागि तत्पर रहेको बताएका छन् ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको आगामी निर्वाचनका लागि अक्स्फोर्ड इन्टरनेशनल प्रा.लि.का सञ्चालक डा. ईश्वर जिसीको प्यानलका उमेदवारहरूको परिचयात्मक कार्यक्रममा प्रमुख अतिथि रहेका निवर्तमान अर्थमन्त्री शर्माले आफू अर्थमन्त्रीको हैसियतमा काम गर्दा वैदेशिक रोजगारका क्षेत्रमा रहेका समस्या र त्यसको समाधानका सुत्रहरूका बारेमा गहिरो अधययन गरेको बताए । उनले त्यस विषयमा प्रधानमन्त्री दाहालसँग आफूले पटकपटक छलफल गरेको बताए ।

'देश विकासको आधार सम्मानित वैदेशिक रोजगार' भन्ने मुल नाराका साथमा वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्च, एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठनले व्यवसायी जिसीको नेतृत्वमा शनिबार साँझ प्यानललाई पूर्णता दिएको छ । सो प्यानलको प्रथम उपाध्यक्षमा मञ्चका अध्यक्ष कान्तिपुर मेनपावर प्रा.लि.का सञ्चालक धनलाल जैसी, द्वितीय उपाध्यक्षमा सुप्रिम ओभरसिज प्रा.लि.का बाबुराम खड्का, तृतीय उपाध्यक्षमा कन्फिडेन्ट इन्टरनेशनल प्रा.लि.का अनिल बोगटी, महासचिवमा इम्प्लोइमेन्ट लिंक नेपालका मधुकर रिजाल, सचिवमा अजम्बरी ओभरसिज प्रा.लि.का टक्कर बहादुर पाखिन र कोषाध्यक्षमा इम्पावर ह्युमन रिसोर्सेज प्रा.लि.का केदारनाथ अधिकारी रहेका छन् ।

सदस्यमा शेरमान ग्लोबल म्यानेजमेन्ट ओभरसिज प्रा.लि.का गणेश कुँवर, आयुष ओभरसिज प्रा.लि.का कामेश्वर साह राहुल, फ्युचर लिंक इन्टरनेशनल प्रा.लि.का फिरोज खान, एसआर ग्रुप कम्पनीका सन्दीप पुडासैनी, ग्यालेक्सी युनिभर्सल सर्भिस प्रा.लि.का एक नारायण काफ्ले, पाण्डा ह्युमन रिसोर्सेज प्रा.लि.का प्रेमबहादुर गिरी, दि एक्वायर ग्रुप प्रा.लि.की देवी माया थापा, शिभम इन्टरनेशनल म्यानपावर सर्भिस प्रा.लि.का शिव बहादुर कुँवर र स्यारोन म्यानपावर सर्भिस प्रा.लि.का सरोज कुशवाह रहेका छन् ।

उम्मेदवार परिचयात्मक कार्यक्रममा अध्यक्षका उम्मेदवार जिसीले सम्मानित वैदेशिक रोजगारका लागि आफ्नो उम्मेदवारी रहेको बताए । आफ्नो प्रमुख उद्देश्य व्यवसायीको सामाजिक प्रतिष्ठा अभिवृद्धि गरेर व्यवसायीहरूको शिर ठाडो पार्नु रहेको बताउँदै अध्यक्षका उमेदवार डा. जिसीले त्यसका लागि सबैभन्दा पहिला संघको नेतृत्वलाई सुधार्न पर्ने बताए । एक कार्यकाल संघको सचिवको जिम्मेवारी सम्हालेका जिसीले वैदेशिक रोजगार क्षेत्रलाई ठूलो सेवा क्षेत्र बनाउन यस क्षेत्रमा आमूल परिवर्तन गर्ने बताए ।

आफ्नो प्यानल विजयी भएमा कुनै पनि प्रकारको सिण्डिकेट लाग्न नदिने बताए । 'सिण्डिकेट लगाउन चाहनालाई भोटेताल्चा लगाउने छौं,' जिसीले भने, 'म यहाँ नेतागिरी गर्न, राजनीति गर्न आएको छैन, राम्रोसँग व्यवसाय पनि गरिरहेका छु, तर हाम्रो शिर ठाडो पार्ने अवस्था भएन । त्यसैले व्यवसायीबीच उम्मेदवार बनेर आउनुपर्ने बाध्यता उत्पन्न भयो ।'

डा. जिसीको प्यानलले निर्वाचित भएको तीन महिनाभित्र संघको भवन निर्माण गर्न शुरु गर्ने, संख्या सयको प्रावधान खारेज, कामदारको महिनाको तलब बराबर हुने गरी सेवा शुल्क परिमार्जन, सबै प्रकारको सिण्डिकेटहरुको अन्त्य गरी वैदेशिक रोजगार कसुरलाई फौजदारी कानून अन्तर्गत नभई देवानी तथा वाणिज्य कानून अन्तर्गत फर्छ्यौट गराउनुपर्ने, संघको मध्यस्थतामा उजुरी प्रतिनिधिमार्फत फर्छ्यौटको व्यवस्था, पूर्व स्वीकृतिसम्बन्धी दफा १५ देखि १९ सम्मको व्यवस्था खारेज गरी रोजगार सम्झौता अनुसार एकैचोटी अन्तिम श्रम स्वीकृति, धरौटी वृद्धिपछि छुट्टाछुट्टै इजाजतपत्र लिनुपर्ने व्यवस्थाको अन्त्यलगायतका एजेण्डा उठाएको छ ।

डा. जि.सी. प्यानलका चुनावी संयोजक नरेन्द्र राउतको सभापतित्वमा सम्पन्न कार्यक्रमा एकीकृत समाजवादीका उपमहासचिव तथा सांसद प्रकाश ज्वाला, वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चका संस्थापक दिलप्रसाद पोखरेल, नेकपा माओवादी केन्द्र वैदेशिक रोजगार फाँटका इन्चार्ज लक्ष्मण पन्तलगायतको उपस्थिति रहेको थियो ।

कार्यक्रममा प्रथम उपाध्यक्षका उम्मेदवार जैसीले व्यवसायी समस्या समाधानका पक्षमा जोड दिए । द्वितीय उपाध्यक्ष बाबुराम खड्काले सबै व्यवसायीसँग हातेमालो गर्दै विगतका समस्याको समाधान गर्ने बताए । तृतिय उपाध्यक्ष बोगटीले वैदेशिक रोजगार व्यवस्थित नभए अर्थतन्त्र तहशनहश हुने भन्दै नेपाली दूतावासहरूको भूमिका सकारात्मक हुनुपर्ने बताए । राज्यले रोजगारी सिर्जना नगरेका कारणले विदेशमा रोजगार बाध्य भएको भन्दै उनले आफूहरूको प्यानल विजयी भएमा सरकारसँग खबरदारी र सहयोग दुबै सम्बन्ध राख्ने बताए ।

महासचिवका उम्मेदवार रिजालले संघबाट व्यवसायीको हितका लागि लविङ गर्ने प्रतिवद्धता जनाए । महासचिवको जिम्मेवारी संघलाई चलायमान बनाउने भएकाले संघको कर्पोरेट सोसल रेस्पोन्सिबिलिटी पूरा गर्ने बताए ।

सचिवका उम्मेदवार पाखिनले व्यवसायीहरूलाई एकतावद्ध पारी देखिएका समस्याको समाधान पहिल्याउने बताए । कोषाध्यक्षका उम्मेदवार अधिकारीले आर्थिक पारदर्शिता कायम गर्दै संघको भवन बनाउने प्रतिवद्धता जनाए । सदस्यहरूले पनि आ-आफ्ना तर्फबाट प्रतिवद्धता जनाएका थिए ।

### भुवनसिंको...

जनाएका गुरूङ म्यानेजमेन्ट प्रा.लि.का सञ्चालक भुवनसिं गुरूङले आफ्नो नेतृत्वमा ८ सदस्यीय प्यानल खडा गरेका छन् । समाजवादी वैदेशिक रोजगार व्यवसायीसँग तालमेल गरी खडा गरिएको प्यानललाई भुवनसिं गुरूङ संयुक्त लोकतान्त्रिक प्यानल नाम दिइएको छ ।

प्यानलको द्वितीय उपाध्यक्षमा अल जाफरका मो. जावरद्दिन मियाँ, तृतीय उपाध्यक्षमा डमरू रिसोर्स प्रा.लि.का मोहनकुमार ढुंगेल, सचिवमा एड्भान्स रिक्रुटमेन्ट प्रा.लि.का प्रेम बलामी, कोषाध्यक्षमा जेन्युन प्लेसमेन्ट प्रा.लि.की सञ्चालिका राधादेवी बुढाथोकी र सदस्यहरूमा एमिटी ह्युमन रिसोर्स प्रा.लि.का सञ्चालक भगिरथ भण्डारी, सूपर्व फर अल्टिमेटम म्यानपावरकी सञ्चालिका चन्द्रकमल श्रेष्ठ र शुभ हारती ओभरसिज प्रा.लि.का सञ्चालक विक्रम श्रेष्ठ रहेका छन् ।

उक्त प्यानलले वरिष्ठ व्यवसायी दानबहादुर बुढाथोकीको संयोकत्वमा ५१ सदस्यीय निर्वाचन परिचालन समिति तथा नेपाली कांग्रेस केन्द्रीय सदस्य सितादेवी देवकोटाको नेतृत्वमा वार्ता समिति पनि गठन गरेको बताएको छ ।

# नवलपरासी चौप्तामा माघी महोत्सव

**रामकरन हरिजन/मध्यान्ह**
पश्चिम नवलपरासी, १ माघ



पश्चिम नवलपरासीको चौप्तामा माघी महोत्सव शुरु भएको छ। महोत्सवको उद्घाटन नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवम् प्रतिनिधिसभा सदस्य विनोद चौधरीले गरेका छन् । आइतबार माघे संक्रान्तिको अवसरमा नवलपरासीको चौपत्तामा आयोजित माघी महोत्सवमा थारु समुदायका १६ औ खिचडी महोत्सवमा झमटा झुमरा लाठी नाच कार्यक्रम उद्योगपती एवम् प्रतिनिधिसभा सदस्य विनोद चौधरीले उद्घाटन गरेका हुन् ।

महोत्सवमा थारु समुदायको संस्कृति झल्कने कार्यक्रम प्रस्तुत गर्नुका साथै विभिन्न प्रकारका खाने कुराको स्टल राखिएको थियो । सांसद चौधरीले माघी पर्व थारु समुदायको मात्रै नभएर नेपाली संस्कृति झल्काउने विशेष पर्व रहेको बताए । माघी महोत्सवलाई अन्तर्राष्ट्रिय स्तरमा फैलाउन आफूले पनि भुमिका खेल्ने बताए ।

# मकर संक्रान्तिको अवसरमा साधु सन्तलाई भोजन



**आर एन यादव/मध्यान्ह**
सप्तरी, १ माघ

मकर संक्रान्तिको अवसरमा साधुसन्तलाई भोजन गराइएको छ । आइतबार राजविराज नगरपालिका वडा नम्बर ७ स्थित श्री हरि नन्देश्वर महादेव मन्दिरको प्रांगणमा ५ सय साधुसन्तलाई भोजन गराइएको मन्दिरका पुजारी महेश्वर भारतीले जानकारी दिए । उनका अनुसार मन्दिरमा दर्शण गर्न आएका श्रद्धालुलाई पनि भोज गराएको छ। साधुसन्त र श्रद्धालुलाई मन्दिरकै प्रांगणमा भोजन गराएर ५० रुपैयाँको दरले दक्षिणा दिएर बिदाइ गरिएको छ।

मन्दिरका पुजारी भारतीले मकर संक्रान्तिका अवसरमा मन्दिर समिति र स्थानीय दर्ताहरुको सहयोगमा साधु सन्तहरुलाई भोजनको आयोजना गरिएको बताए । उनकाअनुसार करिब १ हजार साधुसन्त र श्रद्धालुलाई भोजन गराइएको हो । भोजनमा पुरी, तरकारी, खिर, अचार, जिलेबी, बुनियाँ, खिचडी, दहि, चिनीसहित ९ व्यञ्जन रहेको उनले बताए ।

# आठौं राष्ट्रिय योग दिवसमा प्रभातफेरी

**रामप्रसाद सुवेदी/मध्यान्ह**
हापुरे, १ माघ




राष्ट्रिय योग दिवसको अवसरमा बबई गाउँपालिकाको केन्द्र हापुरेमा प्रभातफेरी गरिएको छ। 'स्वस्थ जीवनको चाहाना योग शिक्षा र साधना' भन्ने मूल नाराका साथ शुरु भएको आठौं राष्ट्रिय योग दिवसको अवसरमा आइतबार प्रभातफेरी गरिएको हो ।

शिवशक्ति साधना केन्द्र बबई गाउँपालिका ४ र ५ दाङको आयोजनामा भएको कार्यक्रम हापुरेको माथिल्लो बजार शहीदगेटदेखि तल्लो बजार ट्याक्सीपार्कसम्म र्‍याली गरी कोण सभामा परिणत भएको थियो।

शिवशक्ति साधना केन्द्रका अध्यक्ष नुमा केसीको अध्यक्षता, बबई गाउँपालिका अध्यक्ष कुल बहादुर खत्री क्षेत्रीको प्रमुख आतिथ्यता एवं जिल्ला समन्वय समिति दाङका उपप्रमुख चेतना चौधरीको विशिष्ट आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको हो ।

पतन्जली योग समिति दाङ जिल्ला सदस्य तथा बबई इन्चार्ज अम्मर प्रसाद भूसालले विषय प्रवेश गराएको कार्यक्रममा बबई गाउपालिका वडा नम्बर ४ का अध्यक्ष टेक बहादुर वली, वडा नम्बर ७ का अध्यक्ष तथा बबई गाउँपालिका प्रवक्ता तिलकराम भण्डारी लगायतकाले आ-आफ्नो धारणा राखेका थिए । कार्यक्रमको सञ्चालन शिवशक्ति साधना केन्द्रका सचिव बसन्ती ढकालले गरेकी थिइन् ।

# काव्य विमर्ष तथा रचना वाचन कार्यक्रम सम्पन्न



**पवन जायसवाल/मध्यान्ह**
नेपालगन्ज, १ माघ

खजुरा प्रज्ञा प्रतिष्ठानको साहित्य विभागद्वारा आयोजित काव्य विमर्ष तथा रचना वाचन कार्यक्रम सम्पन्न भएको छ । खजुरा गाउँपालिका बाँकेले भाषा, साहित्य, कला र संस्कृतिको संरक्षण र उत्थानका लागि स्थापित गरेको र पालिकाको विशेष सहायोगमा प्राज्ञ सदस्य मणी अर्यालद्वारा सञ्चालित खजुरा प्रज्ञा प्रतिष्ठानको साहित्य विभागद्वारा आयोजित कार्यक्रम उप-कुलपति डा. ईन्द्र बहादुर भण्डारी 'इन्द्रेणी' को अध्यक्षतामा सम्पन्न भएको थियो । कार्यक्रममा खजुरा गाउँपालिका प्रमुख तथा खजुरा प्रज्ञा प्रतिष्ठानका कुलपति डम्बर वि.क तुफानले साहित्यले यो समाजलाई हराभरा बनाएको बताए।

काव्य साहित्यको बारेमा कार्यपत्र प्रस्तुत हरि प्रसाद सुवेदी र बासगढी बहुमुखी क्याम्पसका प्रमुख ईश्वरी प्रासाद रिजालले काव्य (साहित्य) लेखन सम्बन्धी जानकारी गराएका थिए ।

कार्यक्रममा खजुरा गाउँपालिका उप-प्रमुख तथा खजुरा प्रज्ञा प्रतिष्ठानका सह-कुलपति मञ्जु मल्ल, प्रा.डा. जनार्दन आचार्य, मित्रलाल सापकोटा, रिचा लुइँटेल, कविन्द्र भट्टराई, बिक्रम बुढा क्षेत्री, ज्ञानोदय माध्यमिक विद्यालयका प्रधानाध्यापक ऋषिराम सापकोटा लगायतको सहभागितामा माघीको अवसरमा साहित्यकार प्रभात सुवेदी, गीता आर्यालले थारु गीत प्रस्तुत गरेका थिए ।

यसरी कार्यक्रममा शिक्षाविद् तथा पूर्व उपसचिव जीत बहादुर शाह, शिक्षाविद् किरण आचार्य, वरिष्ठ लेखक तथा साहित्यकार नरेन्द्रजंग पिटर, मणि अर्याल, अवधी साँस्कृतिक प्रतिष्ठानका अध्यक्ष बिष्णुलाल कुम्हार, बिश्व हिन्दू महासंघ बाँके अध्यक्ष मधई सिंह सरदार, साहित्यकार तथा अधिवक्ता भीम बहादुर शाही, कृष्णा देवी पाण्डेय, खगेन्द्र गिरि कोपिला, खडक बहादुर बोहरा, ज्ञानोदय बहुमुखी पब्लिक क्याम्पस खजुराका क्याम्पस प्रमुख चरित्रा शाह, सरस्वती वली, चन्द्रावती अधिकारी, मान बहादुर भण्डारी, सोम नाथ लुइटेल, कृष्ण प्रसाद सुवेदी, यदुनन्दन शर्मा, प्रश्ना सुवेदी, बोधराज प्याकुरेल, कल्पना पौडेल 'जिज्ञासु' लगायतले मन्तव्य व्यक्त गर्दै आ-आफना रचना वाचन गरेका थिए । ज्ञानोदय बहुमुखी पब्लिक क्याम्पस खजुरामा कार्यक्रम सम्पन्न भएको थियो ।

# अग्निपीडित परिवारलाई राहत

धर्मी हल्फा महिला विकास क्लब सप्तरीले अग्निपीडित परिवारलाई राहत वितरण गरेको छ । जिल्लाको छिन्नमस्ता गाउँपालिका वडा नम्बर ३ सखडा टोलका अग्निपीडित घुरण चौधरीको परिवारलाई राहत वितरण गरिएको हो । गएको २७ पुसमा घुरण चौधरीको घरमा आगलागी हुँदा उनको घरमा रहेको सबै समानहरु जलेर नष्ट भएको थियो ।

राहत स्वरुप त्रिपाल, झुल तन्ना, धोती, साडी, थाल, ग्लास, डेक्ची, कराही, बालटिन, मगसहितका सामग्रीहरु उपलब्ध गराइएको संस्थाका अध्यक्ष एवं समाजसेवी ई. सूर्य नारायण यादवले जानकारी दिए ।

छिन्नमस्ता गाउँपालिकास्थित पशु कार्यालय कोचाबखारीका पशु चिकित्सक चन्द्र नारायण पंडित, समाजसेवी मनोज कुमार यादव, विजय चौधरी, पशुपति चौधरी लगायतको उपस्थितीमा राहत वितरण गरिएको संस्थाले जनाएको छ। आगलागीबाट २ लाख भन्दा बढीको क्षति भएको अनुमान गरिएको छ । आगलागीमा परी चौधरीको गोठमा बाँधिएको भैंसीसमेत जलेर घाइते भएको छ । यसअघि सप्तरीको राजगढ गाउँपालिका वडा नम्बर १ झुटकी टोलका अग्निपीडित धर्म नारायण यादवको परिवारलाई राहत वितरण गरेको थियो । गएको १८ पुसमा यादवको घरमा आगलागी भएको थियो । आगलागीबाट १२ लाखभन्दा बढीको क्षति भएको अनुमान गरिएको छ ।


# हार्दिक समवेदना

यहि मिति २०७९ माघ १ गते आइतबार बिहान पोखरामा भएको यती एयरलाइन्सको जहाज दुर्घटनामा परी दिवंगत हुनु भएका सबैको आत्माको चीर शान्तिको कामना गर्दै हार्दिक श्रद्धान्जली व्यक्त गर्दछौं । साथै शोकाकुल परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछौं ।

तिर्थ गुरुङ
अध्यक्ष
नेपाल वैदेशिक रोजगार व्यवासयी तमु धि समाज
काठमाडौं नेपाल



## मलेसियामा रोजगार | कम्पनी: BIG BOWL SDN BHD

शहर: Malaysia

पूर्व स्वीकृत मितिः २०७९/१०/०१ चलानी नं.: ६०१९५०२३ L.T. No.: 279467

| सि. नं. | कामदारको पद | माग संख्या |  | न्यूनतम योग्यता | मासिक तलब |  | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
|  |  | पुरुष | महिला |  | RM | ने. रु. |  |  |  |  |  |  |  |
| 1. | Resturant Crew | 13 | 0 | स. काममा दक्ष | 1500 | ४४,९७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ ९ गते (23 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिसा शुल्क कस्ले व्यहोर्ने | भिसा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Santi Overseas Pvt. Ltd.**
Gov. Lic. No.: 1495/074/075
Maharajgunj, Chakrapath-4, Chundevi, Kathmandu | Tel: 015910769, Mob. No.: 9801081597.
E-mail : overseassanti1495@gmail.com | www.SantiOverseas.com



## Cyprus मा रोजगारको अवसर

१. कम्पनी: Mavromatis Employment Bureau Ltd., Cyprus, Larnaca

पूर्व स्वीकृती मिति २०७९।१०।०१ चलानी नं. ६०१९५०२५ LT.No. 279493

| सि. नं. | कामदारको पद | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव |  | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
|  |  |  |  | Euro | ने.रु |  |  |  |  |  |  |  |
| 1 | Domestic Workers | 20 | काममा दक्ष | 315 | ४४,३६८।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार |  | छ |  | २ वर्ष |

२.कम्पनी: Mavromatis Employment Bureau Ltd., Cyprus, Larnaca

पूर्व स्वीकृती मिति २०७९।१०।०१ चलानी नं. ६०१९५०२६ LT.No. 279492

| सि. नं. | कामदारको पद | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव |  | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
|  |  |  |  | Euro | ने.रु |  |  |  |  |  |  |  |
| 1 | Domestic Workers | 20 | काममा दक्ष | 315 | ४४,३६८।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार |  | छ |  | २ वर्ष |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/ नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने रोजगारदाता कम्पनीले | निःशुल्क | निःशुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १,५००।- | रु.३०,०००।- |

अन्तर्वार्ता २०७९ माघ ९ गते (23 January, 2023) मेनपावर कार्यालय बालकुमारीमा हुनेछ।

बैदेशिक रोजगार विभागवाट गराईएको जानकारी :- १) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछिमात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालीम अनिवार्य लिनु होला । ५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी,पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला । सो को १ प्रति आफूसंग राख्नु होला । ६) काममा बिदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नु होला । अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग,बुद्धनगरमा सम्पर्क राख्नु होला ।

**Apps Services Pvt.Ltd.**
Govt. Lice. No.: 1172/073/074
Balkumari 8, Lalitpur Tel: +00977-01-5186018, 5186030
Email:- infoapps1172@gmail.com


# Bishnupur Rural Municipality
## Office of Rural Municipal Executive

**Bishnupur Pra. Ma., Siraha**
**Madhesh Province, Nepal**

## Invitation for Bids

Date of publication: **16-01-2023**

1. *Bishnupur Rural Municipality, Bishnupur, Siraha* invites electronic bids from Nepalese eligible bidders for the ***following construction work*** as shown in table below of under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***Bishnupur Rural Municipality, Bishnupur Pra.Ma., Siraha, Mail Address: rmbishnupur@gmail.com, Mobile No.: 9852834759*** or may visit PPMO website www.bolpatra.gov.np
3. A complete set of Bidding Documents can be downloaded for e-submission from PPMO's Website www.bolpatra.gov.np. Bidders, submitting their bid electronically, should deposit the cost (as specified below) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher should be uploaded by the bidder at the time of electronic submission of the bids.

   **Information to deposit the cost of bidding document in Bank:**

   Name of the Bank : **Nepal Investment Mega Bank Limited**
   Name of Office : **Bishnupur Gau Karyapalikako Karyalaya**
   Office Code no. : **1125316** Office Account no. : **0950011789109**
   Rajaswa (revenue) Shirshak no. : **Ga-1-1**
4. Pre-bid meeting shall be held at ***Bishnupur Rural Municipality, Bishnupur, Siraha*** at ***31-01-2023 12:00.***
5. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before ***12:00 Noon*** on ***15-02-2023***. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***14:00 PM on 15-02-2023*** at the office of ***Bishnupur Rural Municipality, Bishnupur Pra.ma., Siraha***. Bids must be valid for a period of ***90 days*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of **as shown in table below**, which shall be valid for 30 days beyond the validity period of the bid.
7. If bidder wishes to submit the Bid Security in the form of Cash, the cash should be deposited in the following bank accounts.

   Name of the Bank and Branch : **Nepal Investment Mega Bank Limited, Bishnupur Branch**
   Name of Account : **Bishnupur Gau Karyapalikako Karyalaya**
   Office Account no. : **0950010015987**
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
9. The Employer reserves the right to accept or reject, wholly or partly or all the bids without assigning any reason, whatsoever.

| Contract No/Id | Description of Work | Estimated Amount (Without Contingencies & VAT) | Bid Security (NRs.) | Bid Security Valid Days | Bid Document Fee (NRs.) | Deadline for Bid document Purchasing Date and Time | Deadline for Bid Submission Date and Time | Bid Opening Date and Time |
|---|---|---|---|---|---|---|---|---|
| BRM/ Works-01-2079/080 | Construction of Old Age Building, Bishnupur Ga.Pa.-1 | 12465542.39 | 350000 | 120 | 3000.00 | 14-02-2023 Office Hour | 15-02-2023 12:00 Noon | 15-02-2023 14:00 PM |
| BRM/ Works-02-2079/080 | Kataniya Khola ma Pul Nirman, Bishnupur Ga.Pa.-2 | 12799072.09 | 360000 | 120 | 3000.00 | 14-02-2023 Office Hour | 15-02-2023 12:00 Noon | 15-02-2023 14:00 PM |

**Chief Administrator Officer**

## सम्पादकीय

### स्तब्ध हुने, नसिक्ने !

माघे संक्रान्तिको उत्सव मनाउँदै गर्दा आइतबार भयानक ठूलो हवाइ दुर्घटनाको चोट मुलुकले खेप्नुपरेको छ । ६८ जना यात्रु र चालक दलका चार जना सहित ७२ जना सवार यति एयरलायन्सको नाइन एन-एएनसी विमान पोखराको सेती खोंचमा खसेको थियो । काठमाडौंबाट पोखराको नवनिर्मित अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण अगाडि आइतबार बिहान भएको भएको यो दुर्घटनामा परेका मध्ये रातिसम्म ६८ जनाको शव फेला परेको छ । ती मध्ये १५ विदेशी नागरिक छन् । अझै चार जनाको शव फेला पर्न सकेको छैन । यो दुर्घटना मुलुककै इतिहासको सवैभन्दा ठूलो हो । अहिलेसम्म यति ठूलो मानवीय क्षति हुनेगरी मुलुकमा आन्तरिक उडानतर्फ हवाइ दुर्घटना भएको थिएन । तर १५ वर्षदेखि उडान भरिरहेको र अनुभवी कप्तानले उडाएको विमान दुर्घटनाले मुलुक स्तब्ध बनेको छ । सरकारले आज शोक विदा दिएको छ ।

आइतबार नै मन्त्रिपरिषद्को आकस्मिक बैठक राखेर पाँच सदस्यीय छानबीन समिति गठन गरेको छ । उद्धार र उपचारका लागि आवश्यक प्रबन्ध मिलाउन प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले निर्देशन दिएका थिए । मुख्यमन्त्री खगराज अधिकारीले स्थानीय स्रोतसाधन परिचालन गरी उद्धारमा परिचालित हुन अधिकारीहरूलाई निर्देशन दिएका थिए । तर भयानक दुर्घटनामा परेकाहरूको ज्यान जोगिने संभावना थिएन । यति एयरलाइन्सले आज सबै उडान बन्द गर्ने निर्णय गरेको छ । भर्खरै उद्घाटन भएको अन्तर ाष्ट्रिय विमानस्थलमा भएको यो दुर्घटनाले पोखरेली मन दुखेको छ, सिंगो मुलुक पीडामा परेको छ ।

यो दुर्घटनाको कारण पत्ता लगाउने र आवश्यक कदमका निम्ति सुझाव दिने दायित्व अब छानबिन समितिलाई छ । छानबिन समितिले दिने सुझाव र निष्कर्षकै आधारमा सरकारले थप निर्णय लिनुपर्नेछ । तर बिगत हेर्ने हो भने छानबीन समितिको रिर्पोट र दुर्घटनाबाट मुलुकले आवश्यक सावधानी अपनाउन सकेको देखिदैन । नेपालमा भएका १०४ हवाइ दुर्घटनामा ८४९ जनाको ज्यान गइसकेको छ । मुलुकले ठूलो मानवीय क्षतिसँगै असुरक्षित आकाशको आरोप खेप्नु परिरहेको छ । पक्कै पनि दुर्घटना मानवीय नियन्त्रणको कुरा होइन । तर दुर्घटना न्यूनिकरण मानवीय विवेकबाटै हुने हो । त्यसका लागि सरकारले हरेक दुर्घटनाका कमजोरीबाट आवश्यक पाठ सिकेर निर्णय लिनुपर्नेछ । यसअघि नभएको त्यस्तो काम अब सरकारले गरोस् । भयानक ठूलो दुर्घटनाबाट ज्यान गुमाउनेहरूको परिवारप्रति हार्दिक समवेदना !

# सत्तामुखी राजनीति र कांग्रेस

*चाहे बहुमतको सरकार बन्दाको बेलामा होस्, या त मिलिजुली सरकारको पालामा होस्, पटक-पटक नेपाली कांग्रेस सत्तामा रहेको छ । उ प्रतिपक्षमा रहेको बेलामा पनि निरन्तर शक्तिमा छ । तर, कांग्रेसले जनताको पक्षमा भने कहिल्यै पनि काम गर्न सकेन ।*

**अग्रलेख**



● रवीन्द्रनाथ पोखरेल

२०४६ सालको प्रजातन्त्र पूनर्स्थापनापछिको नेपालको राजनीतिक घटनाक्रमलाई हेर्ने हो भने मुलुक र नेपाली जनताको समृद्धि र समुन्नति तथा समग्र विकास गर्ने अवसर पटक-पटक नेपाली कांग्रेसले नै पाएको भेटिन्छ । नेपाली जनताको हकमा भन्नुपर्दा पनि प्रजातान्त्रिक समाजवादले मात्रै मुलुक र जनताको समृद्धि गर्न सक्छ भन्ने यथार्थलाई आफ्नो मतबाट पटक-पटक प्रष्ट्याएका छन् । तर, बहुदलीय प्रजातान्त्रिक कालमा जब पार्टीको नेतृत्व र शक्तिमाथि निश्चित नेतृत्वले हालीमुहाली गर्ने अवस्था बन्यो तबदेखि नै जनताको विश्वासलाई कुठाराघात गर्दै पार्टी कब्जा गरेर राज्य व्यवस्थालाई सधैँभरि अस्थिर बनाउने कामको पनि सुरुवात भयो । जसलाई हामी व्यक्ति केन्द्रीत राजनीतिको सुरुवातका रूपमा पनि लिन सक्छौं । कांग्रेसमा जब व्यक्ति केन्द्रीत राजनीतिको विकास भयो तब, मुलुकमा वामपन्थी शक्तिको उदय भयो । तथापी, अझैसम्म पनि वामपन्थी शक्तिप्रति जनताले विश्वास गर्न सकेका छैनन् । यद्यपि जब कांग्रेसभित्र भागबन्डा, लुछाचुँडी र गुट उपगुटको राजनीति उचाईमा पुग्छ तब, मुलुकमा वामपन्थी लहर सिर्जना हुन्छ । वैकिल्प राजनीतिको बहस सुरु हुन्छ । जनताको विश्वासलाई लत्याएर जब कांग्रेसभित्र शक्ति र अहंकारको राजनीति शुरु भयो त्यसबेला देखि नै कांग्रेस गलत बाटोमा लागेको लागेको हो । तर, बिडम्बना त्यसलाई सच्याउने काम अहिलेसम्म पनि कुनै नेतृत्वले गर्न सकेको छैन ।

बेला-बेलामा वामपन्थी शक्तिलाई जनताले केही बढी मत दिएको देखिन्छ । यो जनताको बाध्यता पनि हो । यसलाई वामपन्थी धारले नेपालमा मार्क्सवाद या माओवादको खाँचो रहेछ भनेर ठान्यो यो उनीहरुको अदूरदर्शी दृष्टिकोण र महत्वाकांक्षाले पारेको दृष्टिभ्रम मात्रै हो । वामपन्थी शक्ति नै नेपाली कांग्रेसको वरिपरि घुमिरह्यो र अझै पनि घुमिरहेको छ । मनमोहन अधिकारी, सहाना प्रधान तथा मदन भण्डारी रहँदासम्म नेपालमा वामपन्थी शक्तिको खाँचो छ भन्ने सोच्नु स्वभाविक थियो, जब उनीहरूको अवसान तथा हातमा पार्टी रहन सकेन त्यसपछिका समयदेखि नै नेपाली कांग्रेसको मुट्ठीमा शक्ति परेको देखिन्छ । तर, नेपाली कांग्रेस त्यही उन्माद र दम्भ पालेर सत्ता र शक्तिको भरमा राज्य व्यवस्था अगाडि बढाउने खेलमा लाग्यो, तबदेखि नै मुलुकमा भ्रष्टाचारले जरो गाड्न पुगेको हो भनेर भन्न हिच्किचाउन पर्दैन ।

कांग्रेसभित्रको गलत राजनीतिको प्रभाव र असर वामपन्थी पार्टीमा पर्न गयो । अब न कांग्रेस भ्रष्टाचार मुक्त पार्टी भनेर भन्न मिल्छ नत वामपन्थी विचार राख्ने एमाले, माओवादी या त अन्य वामपन्थी विचार राख्ने दल र नेता नै मुक्त छन् । आखिर सत्तामा जाने र देश दोहन गर्ने काम मात्र भएका छन् । आज देश नै आर्थिक संकटमा गुज्रिएको कारण पनि दलहरुभित्रको गलत राजनीतिक संस्कारले हो । गरिब नेपाली जनताको दैनिकी झन् झन् दयनीय बनेको छ भने राष्ट्रियता रहने हो वा नरहने अत्यन्तै गम्भीर र जोखिममा रहेको छ । यही श्रृखंला पछि आएर नेपाली कांग्रेसको नेतृत्व शेरबहादुर देउवामा पर्नु या वामपन्थी दलमध्ये माधवकुमार नेपाल, केपी शर्मा ओली तथा अर्को हिंसा र हत्यामा विश्वास गर्ने उग्रवामपन्थी दल (माओवादी) पार्टीले पनि अवलम्बन गर्न पुगे ।

चाहे बहुमतको सरकार बन्दाको बेलामा होस्, या त मिलिजुली सरकारको पालामा होस्, त्यो मात्रै नभइकन गणतन्त्र स्थापना कालदेखि यताको एकल सरकार रहँदाको अवस्थामा या गठबन्धनको सरकारको पालामा होस्, पटक-पटक नेपाली कांग्रेस सत्तामा रहेको छ । उ प्रतिपक्षमा रहेको बेलामा पनि निरन्तर शक्तिमा छ । जसलाई हेर्दा, नेपाली कांग्रेसले विवेक पुऱ्याएको भए माओवादी पार्टीले संसदको त्यो प्रसुती गृहको कुनामा जन्म लिने मौका नै पाउने थिएन भने जनयुद्धको कुरा त धेरै टाढाको विषय वस्तु थियो । त्यस अर्थमा नेपाली कांग्रेस पार्टी नै नेकपा माओवादी पार्टीको बाबू पनि हो आमा पनि हो । यो पंक्तिकारले मनोगतरूपमा भनेको विषय भने होइन । नेपालको राजनीतिक फाँटमा र घटनाक्रमले पुष्टि गरेको आधारमा भनिएको हो । त्यति मात्रै नभएर माओवादी पार्टी वर्तमान परिप्रेक्ष र परिवेशमा जुन अस्तित्वमा रहेको देखिन्छ या शक्तिमा छ त्यसलाई मलजल गरेर हुर्काउने बढाउने प्रमुख दायित्व लिने पनि नेपाली कांग्रेस पार्टी नै हो भनेर ठहर गर्ने प्रशस्त ठाउँ र घटनाक्रमले देखाएको छ ।




*जब नेपाली कांग्रेस गणेशमान सिंह र कृष्णप्रसाद भट्टराईको पोल्टाबाट गिरिजाप्रसाद कोइराला हुँदै शेरबहादुर देउवासम्म आउने अवस्था बन्यो तब प्रजातान्त्रिक समाजवादको विचार, नीति र सिद्धान्त पूर्णरूपमा डढेलो लगाएर उग्रवामपन्थी र दक्षिणपन्थी शक्तिहरूलाई वैशाखी बनाएर मिलेमतोमा राष्ट्रिय ढुकुटी सिध्याउनेमा मात्रै राजनीति केन्द्रीत रह्यो । आज मुलुकमा जुन खालको मिलिजुली भ्रष्टाचार हुने अवस्था छ, यसले पनि राजनीतिलाई प्रष्ट्याउँछ ।*

०४६ साल उताको समय र पछिल्लो समयमा देशको प्रमुख अस्तित्वमा रहेका अन्य बामपन्थी दलहरुको कुनै पनि साथ, सहयोग र भूमिका रहेको भन्नु सरासर गलत हुनेछ । किनभने ०४६ सालको जनआन्दोलनको बेलाको संयुक्त वाममोर्चा, त्यसपछिको नेकपा माले र अहिले मुख्य दल भनेर अस्तित्वमा रहेको नेकपा एमाले पार्टी जुन छ त्यसलाई पनि बलियो शक्तिको रूपमा उभ्याउने काममा पनि नेपाली कांग्रेसले नै भूमिका निर्वाह गर्दै आएको छ । प्रत्यक्षरूपमा होस् या परोक्षरूपमा किन नहोस्, मुलुकलाई संकटको अवस्थामा ल्याई पुऱ्याउनुमा कांग्रेसकै मुख्य भूमिका देखिन्छ ।

यसपटकको संसदीय निर्वाचनबाट जनताले नेपाली कांग्रेसलाई बहुमत नभए पनि सबैभन्दा ठूलो पार्टीको हैसियतमा उभ्याइदिएका थिए । उसको नेतृत्वमा गठबन्धन गरेर सरकार बनाउने जिम्मेवारी पनि सुम्पिए थिए । तर, जनताको अभिमत हुँदा हुँदै पनि कांग्रेसभित्रका व्यक्तिवादी चिन्तले ग्रस्त नेतृत्वले उक्त अवसरलाई गुमायो । कांग्रेसले जनअभिमतअनुसार सरकार बनाउने हैसियत राख्न सकेन । सँगै कांग्रेसले बलियो प्रतिपक्ष दल बन्ने अवसरलाई पनि गुमाएको छ । गठबन्धनको सरकारको प्रधानमन्त्रीलाई विश्वासको मत दिनु भनेको अत्यन्त लज्जास्पद अवस्था हो भने विश्वमा कहिँ नभएको 'हाँडी गाउँको जात्रा' जस्तै हो । यद्यपि, यो कदम नेपाली कांग्रेसभित्र मौलाएको सत्तामुखी राजनीतिको नतिजा पनि हो ।

नेपाली कांग्रेस पार्टीकै कारण आजको अवस्थामा आइपुग्दासम्म यो मुलुकको राष्ट्रियता संकटमा पार्ने काम भएको छ भने देश आर्थिकरूपले टाट पल्टिने काम पनि भएको छ । नेपाली जनताको यो दुर्दशा हुनुमा नेपाली कांग्रेस पार्टी नै हो भन्ने सावित भएको जोसुकैले सजिलै बुझ्छन् । कम्युनिष्ट नामका पार्टीहरुले निकास दिन नसकिरहेको अवस्थामा कांग्रेस पनि दिशाविहीन बन्नु यो दुर्भाग्य नै हो । यी घटनाक्रमले कांग्रेसप्रति मात्रै होइन राजनीतिक व्यवस्था र मूलधारका मानिनेन पार्टीहरुप्रति पनि अविश्वास बढाएको छ । अहिलेको मुख्य नेतृत्वमा रहेका नेताहरुप्रति जनतामा ठूलो वितृष्णा पनि बढाएको छ । अब पनि यी दल र दलका नेताको प्रवृत्ति यस्तै रहिरह्यो भने निश्चित छ अर्को पटकबाट भारतको कांग्रेस आइ पार्टी र पश्चिम बंगालको वामपन्थीको अवस्थामा पुगेर छिट्टै समाप्त हुनेछन् ।

जब नेपाली कांग्रेस गणेशमान सिंह र कृष्णप्रसाद भट्टराईको पोल्टाबाट गिरिजाप्रसाद कोइराला हुँदै शेरबहादुर देउवासम्म आउने अवस्था बन्यो तब प्रजातान्त्रिक समाजवादको विचार, नीति र सिद्धान्त पूर्णरूपमा डढेलो लगाएर उग्रवामपन्थी र दक्षिणपन्थी शक्तिहरुलाई वैशाखी बनाएर मिलेमतोमा राष्ट्रिय ढुकुटी सिध्याउनेमा मात्रै राजनीति केन्द्रीत रह्यो । आज मुलुकमा जुन खालको मिलिजुली भ्रष्टाचार हुने अवस्था छ, यसले पनि राजनीतिलाई प्रष्ट्याउँछ । तथापी, जनताले हिसाब-किताब राखेका छन् । आगामी समय त्यसको जवाफ पनि फर्काउने छन् ।

## सामाजिक सञ्जाल



**- प्रदिप पौडेल**

बारम्बार यस्ता दुर्घटनाले हाम्रो कमजोर हवाई सेवा र प्रणालीमाथि थुप्रै प्रश्न खडा गरेको छ । कमसल प्राविधिक क्षमता, यान्त्रिक परिक्षणमा फेल भएका विमान सञ्चालन गर्दा धेरै दुर्घटना व्यहोर्नु परिरहेको छ । सार्वजनिक यातायात तथा हवाई प्रणालीको संवेदनशीलतालाई ख्यालमा राखेर व्यवस्थापन गरौं ।



**- बसन्त प्रताप सिंह**

जहाज दुर्घटना हुन्छन्, नागरिकले ज्यान गुमाउँछन्, केही दिन मिडिया तात्छ, सरकारले छानबिन समिति गठनको औपचारिकता निभाउँछ, अनि फेरि सब चुपचाप । यही चक्र दोहोरिन्छ । इयूले एक दशक अघि कालो सुचीमा राखेको यतीका जहाजलाई जबरजस्ती धकेल्न दिने सरकार अपराधी हो भनेर कसैले भन्दैनन् ।



**- राधाकृष्ण कटवाल**

दुर्घटना पछि दुःख व्यक्त र श्रद्धाञ्जली दिन नेता नै पिच्छे हानाथाप चल्छ तर, घटना घट्नु अघि कसैले चासो दिँदैनन् । बरू नीजि हवाई कम्पनी अनुकुल काम गराउन उड्डयन प्राधिकरणमा आफ्ना निकट मान्छे नियुक्ति गर्छन् । बेलैमा ध्यान दिए सत प्रतिशत सम्भव नहोला तर, ७५ प्रतिशत हवाई दुर्घटना कमि गर्न सकिन्छ ।



**- मानवी पौडेल**

सरकार ! निर्देशन होइन कार्यान्वयन गर ! पोखरामा दुर्घटना भएको विमानमा रहेका यात्रुका आफन्तहरू पोखरा पुग्नैका लागि त्रिभुवन विमानस्थलमा रोइकराई गरिरहेको दृश्यले निकै मन पोल्यो । उहाँहरूको मागअनुसार मृतकका आफन्तलाई यथासक्य छिटो हेलिकप्टरमै भएपनि पोखरा पुऱ्याउने व्यवस्था गरियोस् ।



**- आनन्दराज बतास**

दुर्घटना भवितव्य हो तर, नेपाली आकाशमा हवाई दुर्घटना चाहिँ हाम्रो नियति बनिसक्यो । हाम्रो जस्तै भूगोल र मौसम भएका देशमा यतिबिघ्न दुर्घटना हुन्छन् त ? हामी कहाँ चुकिरहेका छौं ? हाम्रो नियामकीय कमजोरी हो कि सेवा प्रवाहमा त्रुटि ? हामीले विगतका दुर्घटनाबाट किन सिक्न सकेनौं ?

# शेयर बजारको जोखिम

**विचार**



● बिदुर दाहाल

*शेयर बजार घटबढमा कम्पनीको वित्तीय अवस्था, शेयर आपूर्तिको अवस्था, लगानीकर्ताको मनोविज्ञान, बैंकको ब्याजदर, तरलता तथा समग्र अर्थतन्त्रको अवस्थाले निर्धारण गर्ने हो । अर्थतन्त्र कमजोर भई मन्दीतर्फ अग्रसर हुँदै गरेको बेला शेयर बजार नबढ्नु पर्ने हो तर, बढेको छ । जोखिम यसैमा छ । नेपालको शेयर बजारमा यी कुनै नियमले काम गरेको देखिँदैन ।*

जेसुकै भन्नुस्, शेयर बजार अनुत्पादक लगानी नै हो । अरुको उत्पादनलाई लिएर त्यसमाथि लगानी गर्ने दुनियाँकै प्रचलन हो । कम्पनीले राम्रो प्रतिफल दिँदै गर्दा त्यसअनुरुपको लाभांश पाउन लगानी गरिन्छ । तर, कतिपय कम्पनीले प्रतिफल नदिरहँदा त्यसमाथि लगानी गर्नु बालुवामा पानी हाले सरह हो । शेयरमा गरिने लगानीअनुसारको प्रतिफल नेपालका एक/दुई बाहेक अरु कम्पनीले दिएकै छैनन् । त्यसैले शेयरमा कोही न कोही डुब्ने नै हो । कसैलाई न कसैलाई डुबाउने नै हो । नेपालमा चाहिँ साना लगानीकर्ता डुब्ने गरेका छन् ।

तीन वर्ष अगाडि यो पंक्तिकारले सामाजिक संजालमार्फत एउटा व्यंग्यात्मक पोष्ट गरेको थियो, "घरबेटिसँग शेयरको कुरा गरेको थिएँ, केही महिनापछि दुबै जना भाडाको घरमा बस्यौं ।" यो व्यंग्यात्मक पोष्टबाट शेयर बजारको उच्च जोखिम संकेत गर्न खोजिएको थियो । नेपालको शेयर बजार हचुवामा बढ्ने/घट्ने र लगानी गर्नेले पनि बिना सुझबुझ लगानी गरेका छन् । बिना सुझबुझको लगानीबाट पनि ठूला लगानीकर्ताले कमाएका छन् । साना लगानी कर्ता सधैँ जोखिममा छन् । शेयर बजारबाट डुबेका छन् । अहिले पनि दोस्रो बजारमा हौसिएर लगानी गर्ने समय छैन । यहाँ निकै सुझबुझ देखाउनु पर्नेछ । अहिले कुनै पनि आर्थिक सूचकांक शेयर बजार वृद्धिका लागि सकारात्मक छैनन् । जानी जानी जुवा खेल्नु हुन्छ भने बेग्लै कुरा तर, अवस्था राम्रो छैन । राजनीति र प्रेममा कुनै नियम हुँदैन भने झैं नेपालको शेयर बजारमा पनि कुनै नियम छैन । कुनै नियमले काम गर्दैन । शेयर घट्नुपर्ने बेला बढेको हुन्छ । बढ्नुपर्ने बेला घटेको हुन्छ । सामान्यतयाः कम्पनीहरुको वित्तीय अवस्था राम्रो हुँदा उक्त कम्पनीको मूल्य उच्च हुनुपर्ने त्यो पनि हुँदैन । त्यस्ता कम्पनीको मूल्य पनि घटेको हुन्छ । हचुवामा शेयर कारोबार भइरहेको छ ।




शेयर बजार घटबढमा कम्पनीको वित्तीय अवस्था, शेयर आपूर्तिको अवस्था, लगानीकर्ताको मनोविज्ञान, बैंकको ब्याजदर, तरलता तथा समग्र अर्थतन्त्रको अवस्थाले निर्धारण गर्ने हो । अर्थतन्त्र कमजोर भई मन्दी तर्फ अग्रसर हुँदै गरेको बेला शेयर बजार नबढ्नु पर्ने हो तर, बढेको छ । जोखिम यसैमा छ । नेपालको शेयर बजारमा यी कुनै नियमले काम गरेको देखिँदैन ।

तल्लो बिन्दुमा पुगेको नेप्से नयाँ सरकार आएसँगै ह्वात्तै बढेको छ । अर्थतन्त्रको अवस्थासँग यो बिल्कुल मेल खाँदैन । १८ सय हाराहारीको नेप्से बढेर दुई हजार माथिको आसपासमा छ । यो उचाई गलत नभएता पनि अर्थतन्त्रको अवस्था हेर्दा, त्यहाँ पुग्नु पर्ने होइन । नेपाली लगानीकर्ताको मनोविज्ञान यस्तो छ कि शेयर बढ्न लाग्दा हतार-हतार किन्ने र घट्न लागे हतार-हतार बेच्ने । यसले झन् जोखिम बढ्छ । कोही न कोही डुब्ने नै हुन् । अझ साना लगानीकर्ता बढी जोखिममा हुन्छन् । एक जना अर्थमन्त्रीले "म छु मन्तर गरिदिन्छु" भनेको भरमा शेयर मूल्य बढ्नु र हचुवाको भरमा लगानी गर्नु बढी नै जोखिम मोल्नु हो । त्यसैले शेयर बजार जुवा जस्तै बनेको छ । जुवाभन्दा शेयर बजार फरक हो । फरक बन्नु पर्छ ।

नेपालको समग्र आर्थिक सूचांक, विश्व अर्थतन्त्र, रोजगारीको अवस्था, कृषि उत्पादनमा गिरावट, विश्वका ठूला अर्थतन्त्रमा संकुचन, रसिया-युक्रेन युद्ध जस्ता पक्षले दुनियाँका अर्थतन्त्रलाई नकारात्मक असर पारिरहेको छ । नेपालको आयातमूखी अर्थतन्त्र, विदेशीहरुले दिने ऋण तथा अनुदानमा कटौती, पर्यटन व्यवसायमा गिरावट, रोजगारीको अवस्था साघुरिनु, राजस्वले साधारण खर्च धान्न नसक्ने अवस्थामा शेयर बजार कसरी बढ्न सक्छ ? यस्तो जोखिमपूर्ण अवस्थामा लगानी गरी धनी बन्ने सपना देख्नु मुर्खता सिवाय केही होइन । जुवाको खालमा थोरै-थोरै च्याखे थाप्नु राम्रै होला, धेरै च्याँखे थाप्दा के होला ? बिचार गरौं ।

## तपाईको राशिफल

- **मेष** : राजकीय कार्यमा वृद्धि हुने देखिन्छ । धन आर्जन हुने योग छ ।
- **वृष** : नयाँ सम्पर्क बढ्नेछ । जग्गा खरिद हुने योग छ ।
- **मिथुन** : कार्यहरु सफल हुने देखिन्छ । पेटसम्बन्धी समस्याको योग छ ।
- **कर्कट** : प्रतिष्ठामा वृद्धि हुने देखिन्छ । धार्मिक कार्यमा सहभागिता बढ्छ ।
- **सिंह** : आयमा बढोत्तरी हुने देखिन्छ । तर, स्वास्थ्य गडबड हुने योग ।
- **कन्या** : स्वास्थ्य लाभ हुन्छ । शिक्षासम्बन्धी कार्यमा रुकावट आउँछ ।
- **तुला** : विनम्रतासित कार्य गर्न राम्रो हुन्छ । नयाँ काम बन्ने छ ।
- **वृश्चिक** : अध्ययनमा प्रगति हुने देखिन्छ । नयाँ सम्पर्क बन्नेछ ।
- **धनु** : पारिवारिक सदस्यमा वृद्धि हुनेछ । मांगलिक कार्य हुने योग छ ।
- **मकर** : राजनैतिक सहयोग प्राप्त हुन्छ । नयाँ मित्र बन्ने योग छ ।
- **कुम्भ** : अशान्ति र कार्यमा रुकावटको योग छ ।
- **मीन** : नौलो कार्य प्रारम्भ हुने देखिन्छ । वाहन खरिद हुने योग छ ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरु)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम । सानेपा, काठमाडौं, नेपाल*
*फोन : ९८४१५९२५५२, इमेल : dhruvswamig@gmail.com*

# पेरुमा आपतकाल घोषणा



**काठमाडौं / एजेन्सी–** पेरुको सरकारले हालैका हप्ताहरूमा कम्तीमा ४२ जनाको ज्यान लिने राष्ट्रपति डिना बोल्वार्टेविरुद्धको प्रदर्शनका कारण राजधानी लिमा र अन्य तीन क्षेत्रहरूमा आपतकालिन अवस्थाको घोषणा गरेको छ।

तीस दिनको लागि लागू हुने गरी सेनालाई व्यवस्था कायम राख्न हस्तक्षेप गर्न अधिकार दिइएको छ। आन्दोलन र भेलाको स्वतन्त्रता जस्ता धेरै संवैधानिक अधिकारहरू निलम्बन गरेको प्रकाशित एक आदेश जनाइएको छ । अपदस्थ राष्ट्रपति पेड्रो कास्टिलोका समर्थकहरुले डिसेम्बरदेखि दक्षिण अमेरिकी देशभर सडकमा च्याली र नाकाबन्दी गरेका छन्, नयाँ चुनाव र बोलुआर्टेलाई हटाउन माग गर्दै आन्दोलन जारी राखेका छन् ।

'मेरो प्रतिबद्धता पेरूसँग छ' शुक्रबार राति उनले टेलिभिजन सम्बोधन गर्दै राजीनामा दिन अस्वीकार गरेका छन् । आपतकालिन अवस्थाले लिमा, कस्को र पुनोका क्षेत्रहरू, साथै राजधानीको छेउमा रहेको कालाओ बन्दरगाहलाई समेट्छ ।

पेरुमा शनिबार विरोधीहरु १०० भन्दा बढी सडक अवरोध गरेका थिए। लिमावरपर क्षेत्र मुख्यतया अशान्तिको केन्द्रबिन्दु भएको छ । दक्षिणी पेरुको प्रख्यात माचुपिचु साइटको प्रवेशद्वार कुस्कोको एयरपोर्ट, विरोध प्रदर्शनको कारण बन्द भएपछि शनिबार फेरि खुल्ला भएको छ ।

प्रदर्शनकारीहरूले यातायातमा पुग्ने प्रयास गरेपछि अधिकारीहरुले बिहीबार देशको दोस्रो सबैभन्दा ठूलो हवाई यातायात ह्यान्डल गर्ने एयरपोर्टमा रोकथाम उपायको रूपमा सञ्चालन निलम्बन गरेका छन् ।

# हतियार बिक्री बढाउने लक्ष्यका साथ कोरियाली राष्ट्रपति यूएई भ्रमणमा



**काठमाडौं / एजेन्सी–** दक्षिण कोरियाका राष्ट्रपति युन सुक येओल सैन्य हतियार बिक्रीलाई विस्तार गर्ने उद्देश्यका साथ संयुक्त अरब इमिरेट्स (यूएई)को भ्रमणमा आइतबार यहाँ आइपुग्दा उनको भव्य स्वागत भएको छ ।

भ्रमणबाट भ्रातृराष्ट्र यूएईसँग आणविक ऊर्जा, ऊर्जा, लगानी र रक्षाजस्ता चार प्रमुख क्षेत्रमा रणनीतिक सहयोगलाई बलियो बनाउन योगदान पुग्ने कोरिया सरकारका राष्ट्रिय सुरक्षा निर्देशक किम सुङ-हानले बताएका छन् । समाचार समिति योनहापले पनि राष्ट्रपति कार्यालयका एक जना अज्ञात अधिकारीलाई उद्धृत गर्दै हतियार सम्झौताको योजना राष्ट्रपतिको भ्रमणको कार्यसूचीमा रहेको जनाएको छ ।

दक्षिण कोरिया र यूएईबीच अरबौं डलरको व्यापार हुँदै आएको छ भने अन्य द्विपक्षीय सम्झौताअन्तर्गत यूएईको प्रतिरक्षा, विशेष सैन्यबल स्थापना तथा सञ्चालन हुँदै आएको छ । द्विदेशीय यो सहकार्यको विगतमा आलोचना भए पनि छिमेकी इरानसँगको तनावका कारण कोरियासँगको सैन्य सम्बन्धलाई दोब्बर बनाउन यूएईले चाहेको छ ।

मध्यपूर्वको भूराजनीतिक परिदृश्यमा द्रुत गतिमा भएका परिवर्तनले कोरिया र यूएईबीच केही रणनीतिक साझेदारी भएमा त्यो नौलो नहुने अन्तर्राष्ट्रिय रणनीति फोरमका जुन पार्क बताउँछन् ।

दुई देशबीचको सम्बन्धलाई अझ सुदृढ बनाउन मात्र नभई आफ्नो ऊर्जा आवश्यकता निरन्तर बढिरहेकाले दक्षिण कोरियाले कच्चा तेलको आपूर्ति बढाउन यूएईसँग विशेष अनुरोध गर्ने उनको अपेक्षा छ । सोलले पनि व्यापार अर्बौं डलरका मोटर कारलगायत सामग्री यूएईलाई बेच्दै आएको छ ।

# डब्लुएचओ प्रमुखद्वारा चीनसँग कोरोनाको सूचनाबारे छलफल



**काठमाडौं / एजेन्सी–** विश्व स्वास्थ्य संगठनका प्रमुखले चीनले कोरोना महामारीको विषयमा सूचना उपलब्ध गराउन भनेका छन् । उनले चिनियाँ स्वास्थ्य अधिकारीसँग शनिबार गरेको कुराकानीमा सो कुरा बताइएको समाचारमा जनाइएको छ। चीनको राजधानी बेइजिङबाट प्राप्त समाचारमा विश्व स्वास्थ्य संठनका प्रमुख टेड्रस आधनम ग्याब्रियसले चीनको राष्ट्रिय स्वास्थ्य आयोगका निर्देशक मा सियाओइसँग कुराकानी गरेका हुन् ।

उनले दिनुभएको जानकारीअनुसार विश्व स्वास्थ्य संगठनका प्रवन्ध निर्देशक ग्याब्रियसले चीनमा पछिल्लो समयमा फैलिएको कोरोना भाइरसका बारेमा विश्व स्वास्थ्य संगठनका साथै बाहिरी विश्वलाई पनि सूचना उपलब्ध गराउन भनेका थिए । उता निर्देशक सियाओइले भने चीनले यहाँ कोरोना भाइरसको संक्रमण शुरु भएदेखि नै कोरोनाका बारेको सूचना उपलब्ध गराउँदै आएको बताएका थिए। निर्देशक सियाओइले चीनले नै सबैभन्दा बढी कोरोनाको उपचार, यसको भाइरसका साथै अन्य उपचारसम्बन्धी सूचनाहरु सुरुदेखि नै उपलब्ध गराउँदै आएको जानकारी सो अवसरमा दिएका थिए ।

विश्व स्वास्थ्य संगठन र अरु देशहरुले पछिल्लो समयमा चीनमा फैलिएको कोरोनाको सूचना उपलब्ध नगराएको आरोप लगाउँदै आएको छ ।तर चीनले पनि यस संक्रमणका विषयमा कुनै पनि सूचना नलुकाएको र सबै सूचनाहरु उपलब्ध गराउँदै आएको दाबी गरेको छ । त्यस अवसरमा चीनले विश्व स्वास्थ्य संगठनसँग मिलेर काम गर्ने र यस विषयमा सूचनाका साथै उपचार व्यवस्था र अन्य प्राविधि विषयमा सूचना आदान प्रदान गर्ने सहमति भएको जनाइएको छ ।

साथै महानिर्देशक ग्याब्रियसले कोरोना भाइरसको नियन्त्रणका लागि गर्दै आएको प्रयासका साथै यससम्बन्धी विविध प्राविधिक सूचनाहरु आदानप्रदान गर्दै आएकामा चीनको प्रशंसा गर्दै आएका थिए ।

यसैबीच कोरोना महामारीको जटिल अवस्थाबाट देशले पार पाएको जनाउँदै चीनले एक महिनामा ६० हजारले ज्यान गुमाएका बताएको छ । यद्यपि सरकारले सार्वजनिक गरेको ज्यान गुमाएकाको यो विवरण अनुमान गरिए भन्दा कम भएको बताइएको छ ।

अघिल्लो महिनाको प्रारम्भदेखि नै अस्पतालहरू बिरामीले भरिभराउ भएका थिए भने शवदाह गृह तथा अन्त्येष्टिस्थलमा पनि ठूलो भीड लागेको थियो । अकल्पनीयरुपमा कोरोनाका बिरामी बढेकाले ६० हजारभन्दा बढीको मृत्यु भएको ठानिएको छ ।

# पाकिस्तानको क्वेटामा सिलिण्डर विस्फोट हुँदा छ जनाको मृत्यु



**काठमाडौं / एजेन्सी–** पाकिस्तानको दक्षिणपश्चिममा पर्ने प्रान्तीय राजधानी क्वेटामा शनिबार राति ग्यास सिलिण्डर विस्फोट हुँदा चार बालबालिकासहित कम्तीमा छ जनाको मृत्यु भएको स्थानीय सञ्चारमाध्यमले आइतबार जानकारी दिएका छन् ।

प्राप्त समाचारअनुसार देशको दक्षिणपश्चिम बलुचिस्तान प्रान्तको प्रान्तीय राजधानी क्वेटाको स्याटेलाइट टाउन क्षेत्रमा एक परिवारका सदस्यले हिटर बाल्ने प्रयास गर्दा विस्फोट भएको थियो ।

उद्धार टोली घटनास्थलमा पुगेर शवलाई अस्पतालमा लगिएको छ। विष्फोटमा परी एक दम्पती र उनीहरुका चार सन्तानसहित सबैको घटनास्थलमै मृत्यु भएको उद्धारकर्मीले जनाएका छन् ।

सिलिण्डरबाट ग्यास चुहिएर विष्फोट भएको र घरमा समेत गम्भीर क्षति पुगेको स्थानीय प्रहरीले सञ्चारमाध्यमलाई बताएको छ । क्वेटा लगायत बलुचिस्तानका धेरैजसो भागमा माइनस १५ डिग्री सेन्टिग्रेडसम्मको तापक्रमले तीव्र चिसो मौसमको सामना गरिरहेको छ।

**कर्मचारी आवश्यकता**

यस म्यानपावर कम्पनीको लागि निम्न कर्मचारी आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।

Documentation : 2 Male/Female

सम्बन्धित काममा दक्ष भएकालाई प्राथमिकता दिईनेछ । – तलब : आपसि समझदारीमा

**Pokhara Recruitment (P.) Ltd.**
Sitapaila, Kathmandu, Nepal, Tel: +977- 1- 4038186, 4038483,
Mobile No.: 9851226699, 9861125643
Email: pokhararecruitment@gmail.com, info@pokhararecruitment.com, Web: www.pokhararecruitment.com.np

**कतारमा रोजगारको अवसर** | कम्पनी : AL MAHBUBA TRADING & CONTRACTING
शहर : DOHA

पूर्व स्वीकृत मितिः २०७९/०९/२९ चलानी नं.: ६०१९५०२४ LT. No.:279487

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Foreman | 1 | 0 | सम्बन्धित काममा दक्ष | 2500 | ८९,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | General Supervisior | 1 | 0 | | 2500 | ८९,००० | | | | | | | |
| 3. | Representative | 1 | 0 | | 2200 | ७८,३२० | | | | | | | |
| 4. | Supervisor | 1 | 0 | | 2500 | ८९,००० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ ९ गते (23 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Grand Fortune Employment Services Pvt. Ltd.**
Lic. No.: 1024/068/069
Sinamangal, Kathmandu, Nepal, Ph. : 4461577, 4461568

**UAE को प्रतिष्ठित Semi Government कम्पनीमा महिला तथा पुरुष Security Guard तथा House Keeping मा रोजगारको अवसर**

COMPANY : TRANSGUARD GROUP CITY: DUBAI

पूर्व स्वीकृत मितिः २०७९/०७/२३ चलानी नं.: ६०१९०८४४ LT. No.:275113 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner (House Keeping) | 100 | 0 | सम्बन्धित काममा दक्ष | 800 | २८,४८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Security Guards | 0 | 100 | | 2000 | ७१,२२० | | | | | | | |

नोटः❖ Security Guard को पुरूषको हकमा उचाई ५ फिट ७ ईन्च भन्दा माथि र महिलाको हकमा उचाई ५ फिट ३ ईन्च भन्दा माथि हुनुपर्नेछ ।
❖ English भाषा राम्रो सँग लेख्न, बोल्न र पढ्न सक्ने हुनुपर्नेछ ।

भिसा १ हप्ता भित्रमा प्राप्त हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

फाइनल अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ ४, ५, ११ र १२ गते (18, 19, 25 & 26 Jan. 2023) मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**अञ्जली ओभरसिज सर्भिस प्रा. लि.** श्रम इजाजत नं. ६३९/०६३/०६४
सामाखुशी, काठमाडौं, (चोकबाट अल नेपाल हस्पिटलको बाटो हुँदै महादेवटार हाइट जाने बाटो)
Tel : 4987207, 4982296, E-mail : pro@anjalioverseas.com.np
Mobile No.: 9801012690, 9801051244, 9801175502, 9801175503

**Pathivara Yangwarak Rural Municipality**
**Office of Rural Municipal Excecutive**
**Provience no.-1, Thechambu, Taplejung**

**Invitation for Re-Bid Sealed Quotations**

**Contract Identification No: SQ/WORKS/PYRK/CWTPT/01/079/80**
**Second Date of publication: 2079/10/02 (16th-jan-2023 )**

1. The pathivara Yangwarak Rural Municipality invites Electronic Bid sealed quotations From Nepalese eligible bidders for the construction of following works under national Competitive Bidding procedures.Construction].

| S.N | Contract Identification No. | Description of Works | Bid Security Amount. NRS | Price of Bid Doc. in NRS | Estimated Amount (With VAT) | Bid Validity Period |
|---|---|---|---|---|---|---|
| 1. | SQ/WORKS/PYRK/ CWTPT/01/079/80 | Construction Works of tiringe dekhi phawa khola samma jodne moter batoTrack | 58000.00 | 1000.00 | 1,959,299.9 | 75 days |

2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of the Pathivara Yangwarak Rural Municipality, Thechambu Taplejung, Mob no: 9852660460, email on the email address pathivarayang@gmail.com: or may visit PPMO's e-GPsystemwww.bolpatra.gov.np/egp.For Bidders & submission of bidding documents from PPMO's e-GP system www.bolpatra.gov.np/egp.
3. Electronic bids sealed quotations must be submitted through PPMO website www.bolpatra.gov.np/egp. on or **before 12.00 Hrs. of 30th Jan. 2023 (16/10/2079).** All bids must be accompanied by a Bid Security as specified in notice with validity period for 30 days beyond the validity period of the bid in accordance with clause 19 of ITB in PDF format. Bids received after this deadline will be rejected. Bids will be opened in the presence of Bidders' representatives who choose to attend in person at the Office of Pathivara Yangwarak Rural Municipality, Thechambu, Taplejung immediately after the **submission deadline at 13:00 Noon of 31th Jan- 2023 (2079/10/17).**

**Information to deposit the cost of bidding document in Bank:**

**Name of the Bank** :- **Laxmi Bank, Thechambu, Taplejung Branch**
**Name of Office** :- **Pathivara Yangwarak Rural Municipality Office , Thechambu, Taplejung**
**Office Account no.** :- **Dharauti 09203000167 (For the deposit of Bid Security Amount)**
**Project Rajaswa Account No.** :- **09203000051 (For the cost of Bid Document)**

4. If bidder wishes to submit the Cash Security, the cash should be deposited in the Pathivara Yangwarak Rural Municipality Taplejung, Dharauti Account no: 09203000167 Dharauti at Laxmi Bank, Taplejung branch and submit the receipt of the deposited amount of cash along with the bid.
5. Information or data submitted by the bidder which is either incomplete or unclear or not substantiated by supporting documents shall not be considered for evaluation.
6. Bidders are advised to visit site and assess the actual site conditions before submitting their bid.
7. If the last date of purchasing andor submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Other Related rules and regulation are as per Public Procurement Act –2063 and Public Procurement Regulation – 2064.
9. The Purchasers reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**Chief Administrative Officer**

एनभीए राष्ट्रिय क्लब भलिबल च्याम्पियनसिप

# पुरुषतर्फको उपाधि हेल्प नेपाललाई महिलातर्फको उपाधि पुलिसलाई

**मध्यान्ह संवाददाता**
काठमाडौं, १ माघ

सातौं संस्करणको एनभीए राष्ट्रिय महिला तथा पुरुष क्लब भलिबल च्याम्पियनसिप अन्तर्गत पुरुषतर्फको उपाधि हेल्प नेपालले जितेको छ । त्रिपुरेश्वरस्थित राखेपको कभर्डहलमा आइतबार भएको फाइनलमा त्रिभुवन आर्मी क्लबलाई ३-० को सोझो सेटमा हराउँदै हेल्प नेपाल च्याम्पियन बनेको हो ।

आर्मीलाई ३-० को सोझो सेटमा पराजित गर्दै साविकको उपविजेता हेल्प नेपालले उपाधि जित्न सफल भएको हो । आर्मीले पाकिस्तानको तीन राष्ट्रिय खेलाडी सम्मिलित हेल्प नेपाललाई बलियो चुनौती पेश गरेपनि खेल आफ्नो पक्षमा पार्न सकेन ।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद (राखेप) को कभर्डहलमा आइतबार भएको खेलको पहिलो सेट हेल्प नेपालले २५-२२ ले सहजै आफ्नो पक्षमा पार्‍यो । प्रतिस्पर्धात्मक बनेको दोस्रो सेटमा आर्मीले अग्रता लिएपनि हेल्प नेपालले पूनरागमन गर्दै २६-२४ को जित निकाल्न सफल भयो ।



तेस्रो सेटमा पनि हेल्प नेपालले पछि परेको स्थिति उल्ट्याएर २५-२३ को जित निकाल्न सफल भयो । हेल्प नेपालले २२-२२ को बराबरीबाट अग्रता लिन जित निकाल्न सफल भयो । उपाधिसँगै हेल्प नेपालले ४ लाख नगद प्राप्त गरेको छ । उपविजेता आर्मीले २ लाखमा चित्त बुझाएको छ ।

त्यस्तै महिलातर्फको उपाधि नेपाल पुलिस क्लबले जितेको छ । त्रिपुरेश्वरस्थित राखेपको कभर्डहलमा आइतबार नै भएको फाइनलमा न्यु डायमण्ड स्पोर्ट्स क्लबलाई ३-२ को प्रतिस्पर्धात्मक सेटमा हराएर पुलिस च्याम्पियन भएको हो । त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद (राखेप) को कभर्डहलमा आइतबार भएको प्रतिस्पर्धात्मक र रोमाञ्चक बनेको फाइनलको पहिलो सेट डायमण्डले २५-२२ ले आफ्नो पक्षमा पारेको थियो ।

दोस्रो सेट पुलिसले २५-१७ ले जित्दै खेललाई १-१ सेटको बराबरीमा ल्याए । प्रतिस्पर्धात्मक बनेको चौथो सेट डायमण्डले २७-२५ ले आफ्नो पक्षमा पार्न सफल भयो । चौथो सेटमा ५-१० ले पछि परेको स्थिति उल्ट्याएर पुलिसले सानदार प्रदर्शन गर्दै २५-१९ ले जित्दै खेललाई पाँचौ सेटमा लम्ब्याए । डायमण्डले अग्रता लिएर पनि त्यसलाई जोगाउन नसक्दा सेट नै गुमाउन पुग्यो । पाँचौं सेट पुलिसले १५-११ ले जित्दै च्याम्पियन बन्न सफल भयो ।

महिलातर्फको उपाधि विजेता पुलिसले चार लाख नगद पुरस्कार पाएको छ । उपविजेतामा सिमित डायमण्डले भने २ लाख पाएको छ । तेस्रो भएको एपीएफले १ लाख रुपैयाँ हात पारेको छ । च्याम्पियनसिपमा पुरुषतर्फ १४ र महिलातर्फ ८ टोलीको सहभागिता रहेको थियो ।

## कतार २५औं अरेबियन गल्फ कप फुटबल प्रतियोगिताको सेमिफाइनलमा



**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, १ माघ

कतार इराकमा जारी २५औं अरेबियन गल्फ कप फुटबल प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ । शनिबार भएको खेलमा यूएईसँग १-१ को बराबरी खेलेर कतार सेमिफाइनलमा प्रवेश गरेको हो । कतारसँगै आयोजक इराक, साबिक विजेता बहराइन र ओमान प्रतियोगिताको अन्तिम चारमा पुगेका छन् ।

समूह बी तर्फको अन्तिम खेलहरुमा बहराइनले कुवेतसँग र कतारले यूएईसँग समान १-१ गोलको बराबरी खेल्दै अंक बाँडे । अन्तिम खेलहरुको नतिजा पश्चात् ३ खेलबाट ७ अंक जोडेको बहराइन समूह विजेता बन्यो भने ४ अंक जोडेको कतार समूह उपविजेता बन्यो । समूह बी तर्फ कतारसँगै समान ४ अंक जोडे तापनि कुवेत गोल भिन्नताका आधारमा पछि पर्दै तेस्रो स्थानमा रहँदै समूह चरणबाटै बाहिरियो । समूह बी मा १ अंक मात्र जोडेको यूएई पुछारमा रहेर समूह चरणबाट बाहिरिएको छ ।

त्यस्तै समूह ए तर्फको अन्तिम खेलहरुमा इराकले यमनमाथि ५-० को जित निकाल्दा ओमानले बलियो साउदी अरबलाई २-१ ले हरायो । समूह ए बाट समान ७-७ अंक जोडेका आयोजक इराक गोल भिन्नताका आधारमा समूह विजेता बन्दा ओमान उपविजेताका रुपमा सेमिफाइनलमा प्रवेश गर्न सफल भयो । ३ अंक जोडेको साउदी र अंकविहीन यमन क्रमश: तेस्रो स्थान र समूहको पुछारमा रहेर समूह चरणबाटै बाहिरिए । सेमिफाइनलमा आयोजक इराकले कतारसँग खेल्नेछ भने बहराइनले ओमानको सामना गर्नेछ । दुबै खेलहरु सोमबार इराकी शहर बसरास्थित बसरा इन्टरनेशनल स्टेडियममा हुनेछन् । फाइनल खेल जनवरी १९ तारिख बिहीबार नि बसरा स्टेडियममै हुनेछ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मितिः २०७९/१०/०२**

**प्युठान स्वर्गद्वारी प्रभु इन्स्टिच्युट प्रा.लि.** को मिति २०७९/०९/१८ गतेमा सम्पन्न एकल शेयरधनीको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **दुर्गा एजुकेशन कन्सल्टेन्सी प्रा.लि. (प्रा.लि.नं.: २३०९००)** कायम गर्ने गरी मिति २०७९/०९/१९ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

प्रधानमन्त्री कप महिला टी-२० क्रिकेट

# एपीएफको लगातार दोस्रो जित, मधेशले कर्णालीलाई हरायो



काठमाडौं/मस- इटहरीमा जारी प्रधानमन्त्री कप महिला टी-२० प्रतियोगितामा नेपाल एपीएफ क्लबले लगातार दोस्रो जित हात पारेको छ । आइतबार बागमतीलाई ५३ रनले पराजित गर्दै एपीएफ लगातार दोस्रो जित हात पार्न सफल भएको हो ।

एपीएफले दिएको १ सय ३७ रनको लक्ष्य पछ्याएको बागमती २० ओभरमा ९ विकेट गुमाएर ८३ रन बनायो । बागमतीका लागि ओपनर हेलिशा गुरुङले सर्वाधिक २२ रन बनाउककंदा सोनी पाख्रिनले १३ रन बनाइन् । कञ्चन श्रेष्ठले ११ तथा कप्तान अस्मिना कर्माचार्यले १० रन बनाइन् । एपीएफका लागि निशा भट्टले ३ तथा कप्तान सिता राना मगरले ३ विकेट लिइन् ।

त्यसअघि पहिले ब्याटिङ गरेको एपीएफले २० ओभरमा ४ विकेटको क्षतिमा १ सय ३६ रन बनाएको थियो । पहिलो विकेटका लागि ज्योती पाण्डे तथा कप्तान सिताराना मगरले ५४ रनको साझेदारी गरेका थिए । कप्तान रानामगरले २९ बलमा ३६ र पाण्डेले १५ रन बनाइन् ।

इन्दु बर्माले २७ बलले ३८ रन बनाउककंदा नेरी थापा १९ रनमा अविजित रहिन् । बागमतीका लागि अस्मिना कर्माचार्य, मनिषा उपाध्याय, खुसी डंगोल र सोनी पाख्रिनले समान १/१ विकेट लिए ।

दोस्रो खेलमा दोस्रो जित हात पारेको एपीएफ ४ अंकका साथ समूह 'ए' को शीर्ष स्थानमा रहेको छ । बागमती प्रदेश दुई खेल खेल्दै अंकविहिन रहदै समूह 'ए' को पुछारमा रहेको छ ।

यस्तै आइतबार नै भएको अर्को खेलमा मधेश प्रदेशले पहिलो जित निकालेको छ । पहिलो जित निकाल्ने क्रममा मधेशले आइतबार कर्णाली प्रदेशमाथि ८ विकेटको जित निकालेको हो । कर्णालीले दिएको ८० रनको लक्ष्य मधेशले १०.२ ओभरमा २ विकेट गुमाएर पूरा गर्‍यो । मधेशको जितमा ओपनर अनुराधा चौधरीले ३५ बलमा अविजित ३८ रन बनाउँदा प्रतिमा शाहले अविजित १८ रन बनाईन् । कर्णालीले २२ रन अतिरिक्तमा दिएको थियो । कर्णालीका लागि बिना थापाले २ विकेट लिइन् ।

त्यसअघि पहिले ब्याटिङ गरेको कर्णालीले २० ओभरमा ६ विकेट गुमाएर ७९ रन बनाएको थियो । २३ रनमा पहिलो विकेट गुमाएको कर्णालीले बाँकी ५ विकेट गुमाएर ५६ रन जोड्न सक्यो । कर्णालीका लागि तिर्सना विश्वकर्मा १५ रन बनाउँदा अन्जु गुरुङले अविजित १३ रन बनाइन् ।

किरन कुँवर १३ रनमा आउट हुँदा अन्य ब्याटरले दोहोरो अंकमा रन बनाउन सकेनन् । मधेश प्रदेशका लागि भुमी सिंहले ४ तथा अमिरान निशाले २ विकेट लिए । दोस्रो खेलमा पहिलो जित हात पारेको मधेश २ अंकका साथ समूह 'बी' को तेस्रो स्थानमा रहेको छ । कर्णाली प्रदेश दुई खेल खेल्दै अंकविहिन रहदै समूह 'बी' को पुछारमा रहेको छ ।

प्रतियोगिताको विजेताले ५ लाख र उपविजेता टोलीले ३ लाख रुपैयाँ प्राप्त गर्नेछन् । प्रतियोगिता सर्वोत्कृष्ट खेलाडीले ३० हजार तथा उत्कृष्ट ब्याटर र बलरले समान २०/२० हजार पाउनेछन् ।

प्रतियोगितामा प्रत्येक खेलका प्लेयर अफ द म्याचले ३ हजार प्राप्त गर्नेछन् । पुस २९ बाट शुरु भएको प्रतियोगितामा ८ टोलीको सहभागीता रहेको छ । दुई समूहका विजेता र उपविजेता सेमिफाइनल प्रवेश गर्ने छन् ।

**सोलिडारिटी ओभरसिज प्रा.लि.को अत्यन्त जरुरी सूचना**

**नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त सोलिडारिटी ओभरसिज प्रा.लि.(श्रम इजाजत पत्र नं. ११८६/०७३/०७४) को नाममा मकवानपुर स्थायी ठेगाना हाल बसुन्धरा बस्ने दिनेश श्रेष्ठले यस प्रा.लिको नाम प्रयोग गरेर वैदेशिक रोजगारमा पठाई दिन्छु भनी राहदानी र रकम संकलन गरिएको भन्ने बुझिन आएकोले यस प्रा.लि.को गम्भीर ध्यानाकर्षण भएको छ । यस प्रा.लि.को कहि कतै शाखा र सम्पर्क कार्यालय नभएको र कोही एजेण्ट समेत नभएको पनि यसै सार्वजनिक सूचनाद्वारा जानकारी गराउँदछौं । साथै यस प्रा.लि.को नाममा गरिने आर्थिक कारोबार यसै प्रा.लि.को लेखा शाखाबाट मात्र गर्न र अन्यथा गरे गराएमा यस प्रा.लि. जिम्मेवार नहुने पनि यसै सूचनाद्वारा जानकारी गराउँदछौं । यस प्रा.लि. को नाममा कुनै अनाधिकृत व्यक्तिहरुले वैदेशिक रोजगार सम्बन्धी कारोबार गरे गराएमा यस प्रा.लि. जिम्मेवार नहुने पनि यसै सूचनाद्वारा जानकारी गराउँदछौं ।**

Gov. Lic. No. 1186/073/074

**SOLIDARITY OVERSEAS PVT.LTD**
Basundhara Chowk, Kathmandu, Nepal, Tel No.: +977-1-4357086, Fax No.: +977-1-4357086
Email: soverseas2074@gmail.com, info@solidarityoverseas.com
Website: www.solidarityoverseas.com

**अरुण गाउँपालिका**
**श्री शारदा माध्यमिक विद्यालय प्याउली**
**भोजपुर**

**आशयको सूचना**

**प्रकाशित मिति : २०७९/१०/०२**

प्रस्तुत सन्दर्भमा SSSS/NCB/WORKS /2079/080-01, Construction of Shree Sharada Namuna School Building कार्यको श्री अरुण गाउँपालिका शारदा माध्यमिक नमुना विद्यालयको मिति २०७९/०८/२१ गते प्रकाशित सूचना बमोजिम E-Bid मार्फत पेश हुन अएका बोलपत्रहरु मुल्याङ्कन समितिबाट सबै भन्दा घटि कबोल गरि पेश गर्ने तपशिल बमोजिमको फर्मले पेश गरेको मुल्य दर रेट सहितको लागत अनुमान भन्दा कम पेश हुन आएको र मुल्यमा तात्विक फरक नपरेकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ बमोजिम तपशिलको फर्मले पेश गरेको बोलपत्र न्यूनतम मुल्याङ्कित सारभूतरुपमा प्रभावग्राही रहेकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ उपदफा २ र ३ बमोजीम ७ दिने आशयको सूचना सम्बन्धित सबैमा जानकारीका लागि प्रकाशित गरिएको व्यहोरा अनुरोध छ ।

**तपशिल :**

| योजनाको नाम | ठेक्का न. | सफल फर्मको नाम र ठेगाना | कबोल रकम जम्मा | लागत अनुमान भन्दा घटि प्रतिशत |
|---|---|---|---|---|
| Construction of Shree Sharada Namuna SchoolBuilding | SSSS/NCB/WORKS/2079/080-01 | M.S Kalika Construction PVT. LTD TamkeMaiyoung Rural Municipality -9, Bhojpur | NRs 64,53,583.20/- | 33.44% |

**प्रधानध्यापक**

**कर्मचारी हटाईएको सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न ईजाजत प्राप्त यस **स्काई अफ द वर्ल्ड मेनपावर प्रा.लि. (श्रम इजाजत पत्र नं. १०३९/०७३/०७४)** मा कार्यरत कर्मचारीलाई मिति २०७९/०७/०१ गते बाट हटाईएको सबैमा जानकारी गराउदछौं । साथै उल्लेखित व्यक्तिसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न र नगराउनु हुन यसै सूचनाद्वारा सबैमा जानकारी गराइन्छ । साथै हटाईएको कर्मचारीसँग यस प्रा.लि.को वैदेशिक रोजगार सम्बन्धी कुनै कारोवार भए यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस प्रा.लि.मा वा वैदेशिक रोजगार विभागमा सम्पर्क गर्नुहुन अनुरोध छ । अन्यथा कानून बमोजिम हुनेछ ।

| सि.नं. | कर्मचारीहरुको नाम | नागरिकता नं | स्थायी ठेगाना |
|---|---|---|---|
| १. | गोकर्ण प्रसाद आचार्य | १०२४५ | कन्चन ०३, रुपन्देही |

श्रम ई. पत्र नं.: १०३९/०७३/०७४

Sky Of The World Manpower Pvt. Ltd.
Tilganga-9, Manpower Bazar, Kathmandu, Tel.: 4488231, 4491316
Mob.: 9851068774, 9851035867
E-mail : skymanpower1039@gmail.com, info@skymanpower.com, Web.www.skymanpower.com

**माादी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**मादी, संखुवासभा**
**१ नं प्रदेश, नेपाल**

**बोलपत्र सूचना संशोधन सम्बन्धी अत्यन्त जरुरी सूचना**

**(प्रथम पटक प्रकाशित मिति २०७९/१०/०२)**

यस कार्यालयबाट मिति २०७९/०९/२९ गते मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित **Supply & Delivery of Coloured C.G.I. Sheet 26 gauge 0.41mm** सम्बन्धी सार्बजनिक बोलपत्र आह्वानको सूचनामा **Estimated Cost Including VAT रु. १,९८,००,३१२।००** हुनुपर्नेमा भुलवस **Contingency** सहितको जम्मा रकम रु. **१,९९,९८,३१५।१२** हुन गएकोले सम्बन्धित सबैलाई जानकारीको लागि यो संसोधित सूचना प्रकाशित गरिएको छ ।

**Government of Nepal**
**Ministry of Energy, Water Resources and Irrigation**
**Department of Water Resources and Irrigation**
**Khando River Management Project**
**Rajbiraj, Saptari**

**Invitation for Bids**

**(Date of Publication : 2079/10/02)**

1. Government of Nepal Ministry of Energy, Water Resources and Irrigation, Department of Water Resources and Irrigation, Khando River Management Project, Rajbiraj, Saptari invites sealed bids from eligible bidders for the procurement of the following works :

| Contract Identification No. | Description of Works | Bid Security Amount (NRs.) | Bid Validity Period (Days) | Bid Security Validity Period (Days) | Bid Document Fee (NRs.) |
|---|---|---|---|---|---|
| KRMP/Khando/RB/NCB-24/079-80 | Reshaping and Maintenance of Embankment with Revetment, Launching and Gravelling Work. | 11,22,000/- | 90 | 120 | 5,000/- |
| KRMP/Khando/LB/NCB-25/079-80 | | 12,76,000/- | 90 | 120 | 5,000/- |
| KRMP/Khando/LB/NCB-26/079-80 | | 12,32,000/- | 90 | 120 | 5,000/- |

2. Eligible Bidders may refer complete set of Bid Document for further information at Khando River Management Project, Rajbiraj, Saptari or PPMO's website: www.bolpatra.gov.np/egp.
3. Bidders shall have option of submitting their bids electronically only. Submission of Hard copy bids shall not be entertained.
4. Matters not covered in this notice shall be in accordance with prevailing rules and regulations of GoN.
5. Any amendment in the tender notice shall be posted in the notice board of the Khando River Management Project, Rajbiraj, Saptari or PPMO's website: www.bolpatra.gov.np/egp.

**Project Chief**

आर्थिक
www.madhyanhadaily.com
गो.हु.का.द.नं. ३३/०६९/०७०
२ माघ २०७९, सोमबार
16 January 2023, Monday

# लघु जलविद्युत् आयोजनाका लागि ९० प्रतिशत अनुदान पाइने

**नारायण अर्याल/मध्यान्ह**
काठमाडौं, माघ १



जलविद्युत् नपुगेको र निकट भविष्यमा पुग्ने सम्भावना नभएको ठाउँमा पिको जलविद्युत् (१० किलोवाट) र सुधारिएको पानीघट्ट विद्युतीकरण आयोजना बनाउँदा सरकारले ९० प्रतिशत सम्म अनुदान दिने भएको छ। वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रले 'नविकरणीय उर्जा अनुदान कार्यविधि परिचालन कार्यविधि, २०७९' मार्फत सो व्यवस्था गरेको हो।

कार्यविधिअनुसार राष्ट्रिय प्रसारण लाइन नपुगेको वा सौर्य घरेलु विद्युत् प्रणाली बाहेक अन्य माध्यमबाट विद्युतीकरण नभएका त्यस्ता स्थानमा लघु तथा साना जलविद्युत् आयोजना निर्माणको लागि सरकारले अनुदान उपलब्ध गराउने छ। 'कुनैपनि स्रोतबाट विद्युतीकरण नभएको र निकट भविष्यमा पुग्ने सम्भावना ज्यादै न्यून रहेको, आयोजनाको माग भएको क्षेत्रको भौगोलिक अवस्था, पिछडिएको वर्ग, क्षेत्र र समूदायको बसोबास भएको र आयोजनाबाट उपलब्ध हुने उर्जा उत्पादनमुलक क्षेत्रमा समेत उपयोग हुनसक्ने सम्भावना भएको' आधारहरुलाई लिएर अनुदानको लागि आयोजना छनौट गरिने कार्यविधिमा उल्लेख गरिएको छ।

कार्यविधिमा आयोजना सम्पन्न गरेर शतप्रतिशत घरधुरीमा विद्युत् जडानको सुनिश्चितता भएपछि मात्रै अनुदान भुक्तानीको लागि माग पेस गर्नुपर्ने उल्लेख गरिएको छ। स्थानीय तहका सामुदायिक संस्थामार्फत निर्माण गरिने लघु तथा साना जलविद्युत् अयोजनामा कम्तिमा १० प्रतिशत लगानी जुटाउनुपर्ने र कार्यप्रगतिको आधारमा केन्द्रले अनुदान रकम उपलब्ध गराउने विषय कार्यविधिमा उल्लेख गरिएको छ।

'कार्यविधिअनुसार विकासकर्ता, प्रवर्द्धक, सामुदायिक संस्था र सहकारी वा निजी वा सार्वजनिक निजी साझेदारी' लगानी स्वरुपमा अनुदानमा सहभागी हुनेगरी लगानी गर्न पाइने छ। अनुदानमा विद्युतीकरण कार्यक्रमका लागि केन्द्रले माग संकलन गर्ने, छनौट समितिले छनौट गर्ने र प्राविधिक पुनरावलोकन समितिले प्राविधिक पुनरावलोकन गर्ने काम गर्नेछन्। कार्यविधिमा छुट्छुट्टै प्रकृतिका आयोजनाको लागि छुट्टाछुट्टै अनुसूचीको व्यवस्था गरिएको छ। कार्यविधिअनुसार उर्जा खपतको आधारमा मुगु, हुम्ला र डोल्पामा अनुदान रकम कम भएको आधारमा थप रकम उपलब्ध हुनेछ। साथै लक्षित लाभान्वित वर्गलाई थप अनुदान उपलब्ध गराउने विषय कार्यविधिमा उल्लेख गरिएको छ।

# नेपाल बैंकको नयाँ ब्याजदर सार्वजनिक

**काठमाडौं/मस** – नेपाल बैंकले माघ महिनाका लागि नयाँ ब्याजदर सार्वजनिक गरेको छ। बैंकले माघ १ गतेदेखि लागु हुने गरी विभिन्न खातामा नयाँ ब्याजदर सार्वजनिक गरेको हो। बैंकले ब्याजदर घटाएर सार्वजनिक गरेको छ। बैंकले बचत खातामा न्यूनतम ६.४२ प्रतिशतदेखि अधिकतम ८.४२ प्रतिशतसम्म ब्याज निर्धारण गरेको छ। रेमिट्यान्स बचत खातामा ९.४२ प्रतिशत ब्याजदर तोकेको छ। यस्तै, बैंकको मुद्दति निक्षेपमा ९ प्रतिशतदेखि अधिकतम ११ प्रतिशतसम्म ब्याजदर निर्धारण गरेको हो। बैंकले रेमिट्यान्स रेमिट्यान्स मुद्दति खातामा १२ प्रतिशत ब्याजदर प्रदान गर्ने भएको हो। यस्तै, बैंकले कर्जामा अकितम ६ प्रतिशतसम्म प्रिमियम शुल्क तोकेको छ।

## जहदा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
मझारे, मोरङ
प्रदेश नं.१, नेपाल

### जहदा गाउँपालिकाको जनहितमा जारी सन्देश

- घर निर्माण गर्नु अघि बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्डको बारेमा जानकारी राखौं र सोको पालना गरौं ।
- सार्वजनिक जग्गा, पोखरी, वन आदि व्यक्तिगत प्रयोजनका लागि प्रयोग नगरौं, त्यस्ता क्षेत्रहरु अतिक्रमण हैन, संरक्षणको लागि पहल गरौं ।
- व्यक्तिगत घटना घटेको ३५ दिनभित्र संयुक्त वडा कार्यालयमा घटना दर्ता गरौं ।
- आफ्नो टोल बस्तीमा हुने विकासका योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनमा सदैव जागरुक बनौं ।
- घरमा उत्पादन हुने फोहोरलाई कुहिने र नकुहिने छुट्याएर राखौं । कुहिने फोहोरबाट घरमै मल निर्माण गरौं ।
- हाम्रो टोल, बस्तीको सफाईले हाम्रो सभ्यताको परिचय दिन्छ । आफ्नो घर, टोल र सार्वजनिक क्षेत्र सदैव सफा राखौं ।
- कर तिर्न भनेको तपाई हामीले चाहेको विकास गर्ने अवसर प्राप्त गर्नु हो । तसर्थ विकासका खातिर समयमै तोकिएको कर दस्तुर गाउँपालिकामा बुझाउने गरौं ।
- गाउँबासीको नाताले खुल्ला स्थानमा दिशा गर्नु लाजमर्दो काम हो । तसर्थ सबैले शौचालय निर्माण गरी प्रयोग गरौं ।
- गाउँपालिकाबाट प्राप्त हुने सेवाका सम्बन्धमा सदैव चासो राखौं । तपाईले जति बढी चासो देखाउनु हुन्छ, नगरपालिका त्यति धेरै जनउत्तरदायी बन्दछ ।
- जथाभावी फोहोर नगरौं । फोहोर बोक्ने गाडी आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
- बालश्रमको प्रयोग नगरौं । गाउँपालिकालाई बालश्रममुक्त नगर बनाऔं । सबै बालबालिकालाई विद्यालय पठाऔं ।
- छोराछोरीमा भेदभाव नगरौं । दुबै समाजका सम्पत्ति हुन्, बालबालिकाको लालन, पालन र शिक्ष दिक्षमा ध्यान दिऔं ।
- महिला हिंसारहित बनाउने अभियानमा सबै जना सहभागी बनौं ।
- व्यक्तिगत घटना दर्ता अन्तर्गत जन्म, विवाह, बसाईसराई, सम्बन्धविच्छेद, मृत्यु दर्ता समयमा नै गरौं । सभ्य नागरिकको भूमिका निर्वाह गरौं ।
- बसोबास स्थल, टोलमा व्यवसायीहरुमा पशुपालन, कुखुरापालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।
- सार्वजनिक सम्पत्ति संरक्षणमा सहयोग गरौं । सार्वजनिक स्थलमा जताततै फोहोरमैला नफालौं ।
- स्वस्थ रहन सरसफाईमा ध्यान दिऔं । आफ्नो घर आँगनबाट उत्पन्न हुने फोहोरमैलालाई उचित व्यवस्थापन गरी सफा, सुन्दर बनाउन सहयोग गरौं ।
- शौचालयमा दिसा, पिसाव गरेपछि साबुन पानीले हात धुने बानी बसालौं, जसबाट महामारीका रुपमा आउने रोगबाट बचौं ।
- हरेक गर्भवतीले नजिकको स्वास्थ्य संस्थामा गई नियमित गर्भजाँच गरौं । २ वर्ष मुनीका बच्चाहरुलाई नजिकको स्वास्थ्य संस्थामा लगेर मासिकरुपमा नियमित तौल लिने गरौं । कम तौल र कुपोषण हुनबाट बचाऔं ।

# छ महिनामा ३२ प्रतिशत बजेट खर्च



**काठमाडौं/रासस** – चालु आर्थिक वर्ष २०७९/८० को अर्धवार्षिक समीक्षा अवधिमा सरकारको बजेट खर्च ३२ दशमलव १३ प्रतिशत बराबर देखिएको छ। महालेखा नियन्त्रक कार्यालयको तथ्यांकअनुसार पुस मसान्तसम्ममा सरकारले पाँच खर्ब ७६ अर्ब ३४ करोड ७६ बराबर खर्च गरेको छ। चालु आर्थिक वर्षका लागि सरकारले कूल १७ खर्ब ९३ अर्ब ८३ करोड ७३ लाख बराबर विनियोजन गरेको थियो।

बजेटको अर्धवार्षिक समीक्षा अवधिमा १४ प्रतिशत बराबर मात्रै पुँजीगत खर्च भएको छ। चालु आवका लागि सरकारले पुँजीगत शीर्षकमा तीन खर्ब ८० अर्ब ३८ करोड ४५ लाख बराबर बजेट छुट्याएको थियो। पुस मसान्तसम्ममा पुँजीगत खर्च ५३ अर्ब ४५ करोड ५२ लाख बराबर खर्च भएको हो।

चालु शीर्षकमा ११ खर्ब ८३ अर्ब २३ करोड ५१ बराबर विनियोजन भएकामा ३८ दशमलव ४६ प्रतिशत अर्थात् चार खर्ब ५५ अर्ब १२ करोड ७० लाख खर्च भएको पनि महालेखा नियन्त्रण कार्यालयले जनाएको छ। त्यस्तै वित्तीय व्यवस्थापनतर्फ दुई खर्ब ३० अर्ब २१ करोड ७७ लाख बराबर विनियोजन भएकामा २९ दशमलव ४४ प्रतिशत अर्थात् ६७ अर्ब ७६ करोड ५४ बराबर खर्च भएको छ। यही अवधिमा सरकारको राजस्व संकलन वार्षिक लक्ष्यको ३३ दशमलव ९३ प्रतिशत बराबर देखिएको छ। चालु आर्थिक वर्षका लागि सरकारले १४ खर्ब तीन अर्ब १४ करोड ७० लाख बराबर राजस्व उठाउने लक्ष्य राखेको छ। तर छ महिना अवधिमा वार्षिक लक्ष्यको ३३ दशमलव ९३ प्रतिशत अर्थात् चार खर्ब ९४ अर्ब ८४ करोड ५८ लाख बराबर खर्च भएको छ। जसमध्ये कर राजस्वतर्फ चार खर्ब पाँच अर्ब २६ करोड ९३ लाख र गैरकर राजस्वतर्फ ५३ अर्ब ७१ करोड ७५ लाख बराबर संकलन भएको छ। चालु आर्थिक वर्षका लागि सरकारले ५५ अर्ब ४५ करोड ८३ लाख बराबर वैदेशिक अनुदान लिने लक्ष्य राखेको थियो। हालसम्म वार्षिक लक्ष्यको आठ दशमलव ६६ प्रतिशत अर्थात् चार अर्ब ८० करोड २० लाख बराबर वैदेशिक अनुदान सरकारले लिएको छ।

# सोलार फार्मको आइपिओ बिक्री प्रबन्धकमा कुमारी क्यापिटल




**काठमाडौं/मस** – सोलार फार्म लिमिटेडले प्रति शेयर १०० रूपैयाँ अंकित दरको २०,००,००० कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्रका स्थानिय बासिन्दाहरु तथा सर्वसाधारणहरुमा निष्काशन गर्नको लागि कुमारी क्यापिटल लिमिटेडलाई धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकमा नियुक्त गरेको छ। उक्त सम्झौता पत्रमा सोलार फार्म लिमिटेडका तर्फबाट सञ्चालक समितिका अध्यक्ष आस बहादुर गुरुङ (मोहन) तथा कुमारी क्यापिटलका तर्फबाट का.मु. प्रमुख कार्यकारी अधिकृत पुष्प शर्माले हस्ताक्षर गरे। सोलार फार्म लिमिटेडको अधिकृत पुँजी ६५ करोड रूपैयाँ, जारी पुँजी ६५ करोड रूपैयाँ, र चुक्ता पुँजी ४५ करोड रूपैयाँ रहेको छ।

नेपालको पहिलो सोलरबाट बिद्युत उत्पादन गर्ने संस्थाको रुपमा सन् २०१७ मा स्थापित सोलार फार्मले ५ मेगा वाट क्षमताको सोलारबाट बिद्युत् उत्पादन सन् २०२१ सेप्टेम्बर १४ देखि व्यवसायिक उत्पादन गरिरहेको छ। यो आयोजना नेपालको तनहुँ जिल्ला शुक्ला गण्डकी नगरपालिका बडा नं. ५ बेल चौतारामा अवस्थित छ।

## हरिनगर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
हरिनगर, सुनसरी, प्रदेश नं.१, नेपाल

### हरिनगर गाउँपालिकाद्वारा उपभोक्ता हित संरक्षणमा जारी सूचना

**उद्योग तथा व्यवसायका लागि :**

१. बिक्रेताले बिक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र बिक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
६. नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव)हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. बिमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरवदल गर्नुपर्नेछ ।
११. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
१२. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।

***वस्तु तथा सेवामा समान पहुच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो । आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।***

## शिवसताक्षी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ब्याङ्गडाडा, झापा
प्रदेश नं.१, नेपाल



### कोरोना भाइरस सम्बन्धी नगरबासीहरुमा सचेतना

**कोरोना भाइरसको नयाँ भेरियन्ट "ओमिक्रोन" बाट सुरक्षित हुन के गर्न सकिन्छ ?**



- भ्याक्सिन लगाउनुहोस्
- सुरक्षित सामाजिक दुरी कायम राख्नुहोस्
- मास्क लगाउन नछुटाउनुहोस्
- बेला बेलामा हात धोइरहनुहोस्
- हाच्छ्यूँ गर्दा कुहिनोले नाक–मुख ढाक्नुहोस्

**कोरोना भाइरसबाट कसरी आफु र अरूलाई बचाउने ?**




ज्वरो र खोकी लागेको व्यक्तिबाट टाढा रहने वा आफूलाई ज्वरो र खोकी लागेको छ भने पनि अरू व्यक्तिबाट टाढा रहने। घरबाहिर जाँदा अनिवार्य रूपमा मास्क लगाउने।



खोक्दा वा हाछ्युँ गर्दा नाक मुख टिस्यू पेपर वा कुहिनाले छोप्ने र प्रयोग गरेको टिस्यू पेपरलाई बिर्को भएको फोहर फाल्ने भाँडोमा फाल्ने र साबुन-पानीले मिचिमिचि हात धुने वा स्यानिटाईजर प्रयोग गर्ने।



बेलाबेलामा साबुन-पानीले कम्तिमा २० सेकेन्ड मिचिमिचि हात धुने वा स्यानिटाइजर प्रयोग गर्ने।



माथिका लक्षणहरू देखिए स्वास्थ्य केन्द्रमा तुरून्त जानुपर्दछ। घरैमा बस्दा परिवारका सदस्यहरूबाट १४ दिन सम्म छुट्टै आईसोलेसनमा बस्नु पर्दछ।

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: **०१–५३२६३६६, ०१–५३२८२९८**, ई-मेल: **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सीईओ तथा कार्यकारी सम्पादक : **दीपेन्द्रविक्रम तामाङ**, सम्पादक: **मदनकुमार श्रेष्ठ**